# लोक सेवा आयोग

## (७४औं वार्षिकोत्सव)

(२०८१ असार १)

# प्रतिवेदन

२०८१

# लोक सेवा आयोग

## (७४औं वार्षिकोत्सव)

(२०८१ असार १)

## प्रतिवेदक

| | |
|---|---|
| माननीय सदस्य, वीरबहादुर राई | संयोजक |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य |
| सहसचिव श्री गीताकुमारी होमेगाई | सदस्य |
| सूचना प्रविधि निर्देशक ड़ा. राम गोबिन्द अर्याल | सदस्य |
| उपसचिव श्री कुमारप्रसाद कोइराला | सदस्य |
| उपसचिव श्री दिपक खडका | सदस्य |
| उपसचिव (तथ्याङ्क) श्री अर्जुनप्रसाद रेग्मी | सदस्य |
| प्रमुख लेखा नियन्त्रक श्री विष्णुहरि बराल | सदस्य |
| उपसचिव श्री एकनारायण शर्मा | सदस्य सचिव |

**अतिथि सत्कार तथा प्रचार प्रसार समिति**

मिति : २०८१ असार २७ गते

## पृष्ठभूमि

विक्रम संवत् २००७ सालमा जारी भएको नेपालको अन्तरिम शासन विधानको धारा ६४ मा उल्लिखित व्यवस्था बमोजिम नेपाल पब्लिक सर्भिस कमिशन नामबाट वि.सं. २००८ साल असार १ गते लोक सेवा आयोगको विधिवत् स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष असार १ गते विभिन्न कार्यक्रमको आयोजना गरी लोक सेवा आयोग स्थापना दिवस (वार्षिकोत्सव) मनाउने गरिएको छ।

यसै सन्दर्भमा आयोगको मिति २०८१।२।३ गतेको निर्णयानुसार वि.सं. २०८१ साल असार १ गते आयोगको ७४ औं वार्षिकोत्सव कार्यक्रम व्यवस्थित रुपमा सम्पन्न भएको छ। वार्षिकोत्सव कार्यक्रम विभिन्न समिति, उपसमितिहरू समेत गठन गरी आयोगका सम्पूर्ण कर्मचारीको क्रियाशिलतामा कार्यक्रम सम्पन्न भएको छ।

## मूल समारोह समिति गठन

आयोगको मिति २०८१।२।३ को निर्णायानुसार आयोगको ७४ औं वार्षिकोत्सव भव्य रुपमा मनाउने सिलसिलामा देहाय वमोजिम निर्णय भएको छ।

१. आयोगको औपचारिक कार्यक्रम सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख अतिथ्यतामा आयोगको कमलपोखरी स्थित भवनमा सम्पन्न गर्ने,
२. वार्षिकोत्सव कार्यक्रमलाई भव्य एवं व्यवस्थित तरीकाबाट समपन्न गर्नका लागि आयोगका माननीय पदाधिकारीज्यूहरुको नेतृत्वमा संलग्न वमोजिम मूल समारोह समिति र विषयगत उपसमितिहरु गठन गरी जिम्मेवारी बाँडफाँड गर्ने,
३. आयोग अन्तर्गतका कार्यालयहरुले विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव मनाउने,
४. आयोग वा अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीलाई वर्षको उत्कृष्ट कर्मचारी घोषणा गरी सम्मान गर्ने,
५. कर्मचारीको संख्या र व्यक्तिको छनौट गरी सचिवालयले आयोगसमक्ष पेश गर्ने,
६. विभिन्न सिर्जनात्मक एवं रचनात्मक प्रतियोगिता तथा कार्यक्रमहरु आयोजना गरी वार्षिकोत्सव भव्यताका साथ सम्पन्न गर्ने।

### मूल समारोह समिति

| | |
|---|---|
| मा. अध्यक्ष श्री माधवप्रसाद रेग्मी | संयोजक |
| मा. सदस्य श्री माधव बेल्बासे | सदस्य |
| मा. सदस्य श्री वीरबहादुर राई | सदस्य |
| मा. सदस्य श्री दिनेश सिलवाल | सदस्य |
| मा. सदस्य श्री मन्जु कुमारी | सदस्य |
| श्री आधिकारिक ट्रेड युनियनका अध्यक्ष, लोक सेवा आयोग | सदस्य |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य सचिव |

उल्लिखित मूल समारोह समिति अन्तर्गत देहायका उपसमितिहरु गठन गरी जिम्मेवारी निर्धारण बाँडफाँड गरिएको थियो।

**क) सुरक्षा व्यवस्थापन उपसमिति**

| | |
|---|---|
| मा. सदस्य श्री माधव बेल्बासे | संयोजक |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य |
| मुख्य मनोविज्ञावेत्ता डा. खगेन्द्रप्रसाद सुवेदी | सदस्य |
| सहसचिव श्री पुष्कर सापकोटा | सदस्य |
| पाठ्यक्रम विशेषज्ञ श्री कृष्ण जि. सी. | सदस्य |
| उपसचिव श्री उमेशकुमार पोखरेल | सदस्य |
| उपसचिव श्री युवराज पोखरेल | सदस्य |
| उपसचिव श्री कृष्णप्रसाद आचार्य | सदस्य-सचिव |

**सुरक्षा व्यवस्थापन उपसमितिलाई तोकिएका मुख्य जिम्मेवारीहरूः**

- कार्यक्रममा उपस्थित हुने उच्च विशिष्ट पाहुनाहरुको सुरक्षा प्रबन्ध मिलाउने,
- विभिन्न सुरक्षा निकायहरुसँग समन्वय गर्ने,
- आयोगको भौतिक सुधार सम्बन्धी निरीक्षण गरी आवश्यकतानुसार सुधार गर्ने प्रबन्ध मिलाउने,
- गाडीहरुको पार्किङको व्यवस्थापन गर्ने।

**(ख) अतिथि सत्कार तथा प्रचार प्रसार उपसमिति**

| | |
|---|---|
| माननीय सदस्य, वीरबहादुर राई | संयोजक |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य |
| सहसचिव श्री गीताकुमारी होमेगाई | सदस्य |
| सूचना प्रविधि निर्देशक ड़ा. राम गोबिन्द अर्याल | सदस्य |
| उपसचिव श्री कुमारप्रसाद कोइराला | सदस्य |
| उपसचिव श्री दिपक खडका | सदस्य |
| उपसचिव (तथ्याङ्क) श्री अर्जुनप्रसाद रेग्मी | सदस्य |
| प्रमुख लेखा नियन्त्रक श्री विष्णुहरी बराल | सदस्य |
| उपसचिव श्री एकनारायण शर्मा | सदस्य सचिव |

**अतिथि सत्कार तथा प्रचार प्रसार उपसमितिलाई तोकिएका मुख्य जिम्मेवारीहरूः**

- आमन्त्रण गर्नुपर्ने व्यक्तिहरुको नामावली तयार पारी मूल समितिमा पेश गर्ने,
- निमन्त्रणा कार्ड छपाई र वितरण व्यवस्था गर्ने,
- प्रमुख अतिथि एवम् अतिथिहरुका लागि ब्याज तयार पार्ने,

- सरकारी र निजी संचार माध्यम (छापा तथा विद्युतीय) मार्फत आयोगको सन्देश प्रवाह गराउने,
- रेडियो नेपाल र नेपाल टेलिभिजनबाट अन्तर्वार्ता तथा परिसम्बाद तथा विशेष प्रकाशन गर्ने व्यवस्थाका लागि समन्वय गर्ने,
- कार्यक्रमको दिन सञ्चार माध्यमका प्रतिनिधिहरुलाई आमन्त्रण गर्ने,
- कार्यक्रममा हाई टी (Hi-Tea) को व्यवस्था गर्ने,
- वार्षिकोत्सव कार्यक्रमको प्रतिवेदन तयार गरी पेश गर्ने।

**(ग) कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति**

| | |
|---|---|
| मा. सदस्य श्री दिनेश सिलवाल | संयोजक |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य |
| सहसचिव डा. मुक्तिप्रसाद पाण्डे | सदस्य |
| सहसचिव श्री तेजप्रसाद दाहाल | सदस्य |
| उपसचिव श्री पवनकुमार तिम्लिसेना | सदस्य |
| बरिष्ठ मनोविज्ञानवेत्ता श्री सर्मुनलाल शाक्य | सदस्य |
| उपसचिव श्री निरन्जन श्रेष्ठ | सदस्य |
| उपसचिव (कानून) श्री सन्तोष तिम्लिसिना | सदस्य-सचिव |

**कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति मुख्य जिम्मेवारी**

- पदाधिकारीहरु र महाशाखाहरुसँग परामर्श गरी कार्यक्रम तयार पारी मूल समितिमा पेश गर्ने,
- कार्यक्रम पुस्तिका छपाइ तथा अतिथिहरुमा वितरण,
- वार्षिकोत्सवका अवसरमा आयोजना गर्ने अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमहरुको सूची तयार गरी निर्णय भए बमोजिम कार्यक्रम आयोजना गर्ने,
- कार्यक्रमको व्यवस्थापन, सञ्चालन गर्ने,
- अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमको तुल, व्यानर, प्रमाणपत्र आदि तयार गर्ने।

**(घ) <u>मञ्च व्यवस्थापन उपसमिति</u>**

| | |
|---|---|
| मा. सदस्य श्री मन्जु कुमारी | संयोजक |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य |
| सहसचिव श्री शिवराम न्यौपाने | सदस्य |
| सहसचिव श्री यज्ञप्रसाद ढुङ्गेल | सदस्य |
| उपसचिव श्री राजन राई | सदस्य |
| उपसचिव श्री दुर्गाप्रसाद पराजुली | सदस्य |

| | |
|---|---|
| उपसचिव श्री वीरेन्द्रबहादुर स्वाँर | सदस्य |
| उपसचिव श्री कुलप्रसाद सापकोटा | सदस्य |
| उपसचिव श्री चुरामणि मरासिनी | सदस्य-सचिव |

**मञ्च व्यवस्थापन उपसमितिलाई तोकिएका मुख्य जिम्मेवारीहरूः-**

- आवश्यक आकर्षक मन्च निर्माण, निरीक्षण र समन्वय गर्ने,
- स्वागतद्वार निर्माण गर्ने,
- अतिथि, पत्रकार तथा अन्य व्यक्तिहरुको लागि मर्यादाक्रमानुसार सिटको व्यवस्थापन गर्ने, कार्यक्रमको तुल, व्यानर, फ्लेक्स आदि तयार पार्ने,
- सम्पादित कार्यहरूको प्रतिवेदन।

## मूल समारोह समिति तथा उपसमितिबाट सम्पादित क्रियाकलापहरु

<u>कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति</u>

**कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमितिबाट भएका निर्णयहरुः**

वार्षिकोत्सव कार्यक्रमलाई सफल तुल्याउन यस उपसमितिबाट निम्न बमोजिम निर्णयहरु भएका थिए।

**<u>मिति २०८०।२।९ को निर्णयः</u>**

- आयोगको ७४ औं बार्षिकोत्सव मनाउने कार्यक्रम खाका एवं कार्यक्रम पुस्तिका तयार गर्ने।
- यस उपसमितिलाई तोकिएको अतिरिक्त कृयाकलाप सम्बन्धि कार्यक्रम अन्तर्गत विगतका वर्षहरु जस्तै यस वर्षमा पनि अन्तर संवैधानिक निकाय हाजिरी जवाफ प्रतियोगिता संचालन गर्ने र सोका लागि यस आयोगको **<u>"हाजिरी जवाफ प्रतियोगिता संचालन कार्यविधि, २०७९"</u>** बमोजिम गर्ने।
- अतिरिक्त कृयाकलाप सम्बन्धि कार्यक्रम अन्तर्गतनै आयोग परिसरमा खुला रक्तदान कार्यक्रम संचालन गर्ने। साथै आयोगको आन्तरिक ब्याडमिन्टन लगायत अन्य खेलकुद प्रतियोगिता संचालन गर्न आर्थिक तथा व्यवस्थापकिय सम्भाव्यता बमोजिम निक्यौंल गर्ने।
- हाजिरी जवाफ प्रतियोगिताको लागि आवश्यक कच्चा प्रश्नपत्र निर्माण र सोको मोडरेसनको लागि आयोगको सम्बन्धित महाशाखालाई अनुरोध गर्ने। (प्रशासन शाखा मार्फत)
- हाजिरी जवाफ प्रतियोगिताको लागि सहभागिता जनाउन पत्राचार लगायत माथि लेखिएका कार्यहरुको तयारी, संचालन, व्यवस्थापन समेतका कार्यहरु प्रशासन शाखा र प्रशासन शाखाले खटाएको अन्य सम्बन्धित कर्मचारी मार्फत गराउने।

**<u>मिति २०८०।२।२३ को निर्णयः</u>**

- हाजिरी जवाफ प्रतियोगिताको लागि प्रश्नपत्र परिमार्जनको कार्य गोप्य ढंगबाट विषय विज्ञ वा दक्षबाट गराउने,

- हाजिरी जवाफ प्रतियोगिता संचालनको लागि श्री शंकर पाठक (मो.नं.९८४१३७४०८५) लाई विज्ञको रुपमा कार्य गर्न अनुरोध गर्ने। विज्ञ सदस्यको पारिश्रमिक आयोगबाट निर्धारण भए बमोजिम हुने,
- हाजिरी जवाफ प्रतियोगितालाई व्यवस्थित, मर्यादित र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक लजिस्टिक, प्रमाणपत्र छपाइ तथा कार्यक्रम सञ्चालन गर्नको लागि निम्न बमोजिम सदस्य रहेको कार्यदल गठन गर्ने

| | |
|---|---|
| वरिष्ठ मनोविज्ञानवेत्ता श्री सर्मुनलाल शाक्य | संयोजक |
| उपसचिव (कानून) श्री सन्तोष तिमिल्सिना | सदस्य |
| शाखा अधिकृत श्री देवेन्द्र शर्मा | सदस्य |
| शाखा अधिकृत श्री राजु सत्याल | सदस्य |
| शाखा अधिकृत श्री खगेन्द्र बर्देवा | सदस्य |
| शाखा अधिकृत श्री सुनिता अधिकारी | सदस्य |

- हाजिरी जवाफ प्रतियोगितालाई व्यवस्थित रुपमा सञ्चालन गर्ने सिलसिलामा कुनै विवाद तथा द्विविधा उत्पन्न भएमा सोको समाधान गर्न निम्न बमोजिम सदस्य रहेको विवाद सहजीकरण कार्यदल गठन गर्ने

| | |
|---|---|
| मुख्य मनोविज्ञानवेत्ता डा. खगेन्द्रप्रसाद सुवेदी | संयोजक |
| सहसचिव श्री पुष्कर सापकोटा | सदस्य |
| सहसचिव डा. मुक्तिप्रसाद पाण्डे | सदस्य |

- हाजिरीजवाफ प्रतियोगितामा विजेता समूह र सहभागीहरुलाई उपहार स्वरूप दिईने ट्रफी, मेडल, मायाको चिनो र प्रमाणपत्र प्रदान गर्न वार्षिकोत्सव मूल समारोह समितिमा सिफारिस गर्ने।

**२. अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगितामा सहभागी हुन आमन्त्रण गरिएको निकायहरुको नामावली :-**

उपसिमितको निर्णय बमोजिम प्रशासन शाखाबाट तपसिल बमोजिमका संवैधानिक अङ्ग/निकायलाई अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगितामा सहभागीताको लागि पत्राचार गरिएको थियो।

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं
- महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौं
- निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं
- राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरवार

- राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजा, काठमाडौं
- राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर
- राष्ट्रिय समावेशी आयोग, दरवारटोल, ललितपुर
- आदिवासी जनजाती आयोग, पुल्चोक, ललितपुर
- मधेशी आयोग, ज्वागल, ललितपुर
- थारू आयोग, अनामनगर, काठमाडौं
- मुस्लिम आयोग, जावलाखेल, ललितपुर

आयोगको वार्षिकोत्सव कार्यक्रममा आयोगमा भएको अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगितामा देहाय बमोजिमका संवैधानिक अङ्ग/निकायहरुबाट देहाय बमोजिमको सहभागीता रहेको थियो।

| क्र.सं. | संवैधानिक अङ्ग/निकाय | सहभागी कर्मचारीको नाम, थर |
|---|---|---|
| १ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं | ना.सु. श्री बसन्तराज जोशी, (टोली प्रमुख) ना.सु. श्री शिवहरी ढकाल र ना.सु. श्री नवीना दाहाल |
| २ | महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं | लेखा परीक्षण अधिक्षक श्री रुद्रबहादुर कार्की (टोली प्रमुख), लेखा परीक्षण अधिक्षक श्री चन्द्रकला वस्याल र लेखा परीक्षण निरीक्षक श्री कलसाकुमारी भण्डारी |
| ३ | लोक सेवा आयोग, कमलपोखरी, काठमाडौं | ना.सु.श्री विवश नेपाली (टोली प्रमुख), क.अ.श्री हेमवहादुर खडका र खरिदार श्री ज्ञानवहादुर बर्देवा |
| ४ | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं | ना.सु.श्री धिरेन्द्र शाही (टोली प्रमुख), क.अ. श्री विद्या तामाङ र खरिदार श्री खेमराज निरौला |
| ५ | राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर | लेखा अधिकृत श्री सागर पोखरेल (टोली प्रमुख), मा.अ.अ.श्री अनिता दुलाल र प्रशासकीय अधिकृत श्री सम्झना धिमाल |
| ६ | राष्ट्रिय दलित आयोग, कुपण्डोल, ललितपुर | शा.अ.श्री प्रमिला गौतम (टोली प्रमुख), ना.सु.श्री गणेशकुमार गुर्मछान र ना.सु.श्री सुर्यवहादुर रानामगर |
| ७ | राष्ट्रिय समावेशी आयोग, दरवारटोल, ललितपुर | लेखापाल श्री सन्तोष भण्डारी (टोली प्रमुख), ना.सु.श्री भोजराज अधिकारी र निजी सहायक श्री दिपिका दाहाल |
| ८ | मधेशी आयोग, ज्वागल, ललितपुर | क.अ.अमितकुमार साह (टोली प्रमुख), ना.सु.श्री सुन्दरप्रसाद निरौला र ना.सु.श्री खगेन्द्र नेपाली |
| ९ | राष्ट्रिय महिला आयोग, भद्रकाली, काठमाडौं | शा.अ. श्री समिता थापा (टोली प्रमुख), ना.सु.श्री सुरेश विष्ट र ना.सु.श्री कृष्णप्रसाद पंगेनी |

आयोगको वार्षिकोत्सवको अवसरमा आयोजना भएको अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगितामा सहभागी प्रतियोगी मध्ये देहाय बमोजिमका संवैधानिक अङ्ग/निकायहरु क्रमशः प्रथम, द्वितीय, तृतीय र चौथो स्थान हासिल गर्न सफल भएका थिए।

- निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं : प्रथम
- राष्ट्रिय समावेशी आयोग, दरवारटोल, ललितपुर : द्वितीय
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं : तृतीय

प्रतियोगिता सम्पन्न भएपछि अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगितामा बिजयी समूहलाई आयोगको तर्फबाट माननीय अध्यक्ष, माननीय सदस्य र सचिवबाट ट्रफी, मेडल, मायाको चिनो र प्रमाणपत्रसहित बधाई दिदै सम्मान/पुरस्कार प्रदान गरिएको थियो।

**३ आन्तरिक ब्याडमिन्टन प्रतियोगिताः**

आयोगको वार्षिकोत्सव मनाउने क्रममा २०८१ साल जेठ २९ र ३० गते आयोगमा कार्यरत कर्मचारीहरुबीच आन्तरिक ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरिएको थियो। प्रतियोगितामा जम्मा ९ वटा समूहको सहभागिता रहेको थियो। सहभागी कर्मचारीहरुको विवरण निम्न बमोजिम रहेको छ।

**ब्याडमिन्टन प्रतियोगितामा सहभागी कर्मचारीहरु**

| क्र.सं. | पद | टोली सदस्यको नाम | क्र.सं. | पद | टोली सदस्यको नाम |
|---|---|---|---|---|---|
| १ | सचिव | श्री राजकुमार श्रेष्ठ | २ | उपसचिव (तथ्याङ्क) | श्री अर्जुनप्रसाद रेग्मी |
| ३ | शा.अ. | श्री पदमबहादुर राउत | ४ | शा.अ. | श्री योगराज पौडेल |
| ५ | शा.अ. | श्री श्यामकुमार राई | ६ | शा.अ. | श्री सन्तोषकुमार चौधरी |
| ७ | शा.अ. | श्री मदनकुमार बजगाई | ८ | शा.अ. | श्री ध्रुवकुमार राई |
| ९ | शा.अ. | श्री धर्मराज गैरे | १० | ना.सु. | श्री रमेशकुमार ज्ञवाली |
| ११ | ना.सु. | श्री राजकुमार घिमिरे | १२ | क.अ. | श्री सुर्दशनप्रसाद आचार्य |
| १३ | क.अ. | श्री लोकेन्द्रबहादुर थापा मगर | १४ | क.अ. | श्री कुमार जोशी |
| १५ | क.अ. | श्री माधव रेग्मी | १६ | क.अ. | श्री प्रकाश तिम्लिसिना |
| १७ | सि.क. | श्री भाष्कर पौडेल | १८ | खरिदार | श्री भुपेन्द्र चौलागाई |
| १९ | प्रहरी कर्मचारी | श्री उपेन्द्र तिम्सेना | २० | प्रहरी कर्मचारी | श्री नरबहादुर बोगटी |
| २१ | ह.स.चा. | श्री गोपाल खडका | २२ | प्रहरी कर्मचारी | श्री दशरथ |

उपरोक्त बमोजिमका सहभागीहरु संलग्न रहेको आन्तरिक ब्याडमिन्टन प्रतियोगितामा आयोगका उपसचिव (तथ्याङ्क) श्री अर्जुनप्रसाद रेग्मी र प्रहरी कर्मचारी श्री नरबहादुर बोगटीको समूह प्रथम, शाखा अधिकृत श्री योगराज पौडेल र शाखा अधिकृत श्री श्यामकुमार राईको समूह द्वितीय र सिनियर कम्पोजिटर श्री भाष्कर पौडेल र कम्प्युटर अपरेटर श्री लोकेन्द्र थापा मगरको समूह तृतीय भएको थियो। बिजयी समूहहरुलाई आयोगका अध्यक्ष, सदस्य र सचिवबाट मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

४ रक्तदान कार्यक्रमः

आयोगको वार्षिकोत्सव एवम् अन्तर्राष्ट्रिय रक्तदान दिवसको दिन १४ जुन २०२४, तदनुसार ३२ जेष्ठ, २०८१ का दिन रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। यस रक्तदान कार्यक्रममा देहाय बमोजिम २८ जना रक्तदाताबाट रक्तदान भएको थियो।

रक्तदान गर्ने कर्मचारीहरुको विवरण

| क्र.सं. | दर्जा | कर्मचारीको नाम, थर | क्र.सं. | दर्जा | कर्मचारीको नाम, थर |
|---|---|---|---|---|---|
| १ | वरिष्ठ मनोविज्ञानवेत्ता | सर्मुनलाल शाक्य | २ | उपसचिव (कानून) | सन्तोष तिमिल्सिना |
| ३ | शाखा अधिकृत | रामचन्द्र रेग्मी | ४ | शाखा अधिकृत | मदनकुमार बजगाईं |
| ५ | शाखा अधिकृत | हरिप्रसाद भुसाल | ६ | लेखा अधिकृत | विष्णु भुसाल |
| ७ | शाखा अधिकृत (शिक्षा) | बद्रीप्रसाद दहाल | ८ | समाजशास्त्री | कुमारराज न्यौपाने |
| ९ | नायब सुब्बा | सेमन्ताकुमारी भट्टराई | १० | नायब सुब्बा | खगेन्द्र बि.सी. |
| ११ | नायब सुब्बा | हेमनाथ चौलागाई | १२ | नायब सुब्बा | रमेशकुमार ज्ञवाली |
| १३ | नायब सुब्बा | शोभाखर ज्ञवाली | १४ | लेखापाल | लोक बहादुर श्रेष्ठ |
| १५ | कम्प्युटर अपरेटर | राजेन्द्र रञ्जितकार | १६ | कम्प्युटर अपरेटर | सिजन रेग्मी |
| १७ | कम्प्युटर अपरेटर | प्रकाश तिमिल्सिना | १८ | खरिदार | श्रवणकुमार झा |
| १९ | खरिदार | तिलक प्रसाद चालिसे | २० | हलुका सवारी चालक | शिव श्रेष्ठ |
| २१ | रक्तदाता | सन्तोष कुमार चौधरी | २२ | रक्तदाता | सुदिप ढकाल |
| २३ | रक्तदाता | भोलानाथ घिमिरे | २४ | रक्तदाता | हेमराज रिजाल |
| २५ | रक्तदाता | अनुष्का चौधरी | २६ | रक्तदाता | त्रिलोचन रेग्मी |
| २७ | रक्तदाता | रोजिना नेपाली | २८ | रक्तदाता | बेञ्जु खतिवडा |

## सुरक्षा व्यवस्थापन उपसमिति

### मिति २०८१/२/९ को निर्णय

आयोगको वार्षिकोत्सव कार्यक्रम समाननीय उपराष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा सञ्चालन हुने व्यहोरा बैठकलाई जानकारी भयो। सबै सम्बद्ध सुरक्षा निकायहरुबाट आ-आफ्नो जिम्मेवारी क्षेत्र अनुसार उक्त कार्यक्रमका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउने निर्णय गरियो।

### मिति २०८१/२/२३ को निर्णय

- आयोगको वार्षिकोत्सव कार्यक्रमलाई व्यवस्थित र भव्यरुपमा सम्पन्न गर्न आवश्यक समन्वय तथा सुरक्षा व्यवस्थापन सम्बन्धी बैठकमा चार वटै सुरक्षा निकाय प्रमुखलाई आमन्त्रण गर्ने र सुरक्षा समन्वय बैठक आगामी २८ गते सोमबार ११:०० बजे बस्ने,
- नेपाल प्रज्ञा प्रतिष्ठानलाई वार्षिकोत्सव कार्यक्रममा सहभागी हुन आउनु हुने विशिष्ट पाहुनाहरुको सवारी साधन पार्किङ्ग गर्न ठाउँ उपलब्ध गराईदिन अनुरोध गरी पत्राचार गर्ने,

- आयोगको कार्यालय र सो भन्दा अगाडीको मूल बाटो सम्मको सडक क्षेत्रलाई सफाई राख्न उक्त बाटो (सडक) क्षेत्रको निरीक्षण गरी आवश्यक व्यवस्था मिलाउन प्रशासन शाखासँग समन्वय गर्ने,
- असार १ गतेको मूल कार्यक्रमको मञ्च व्यवस्थापनको लागी नेपाली सेनालाई अनुरोध गर्ने।

## <u>अतिथि सत्कार तथा प्रचार प्रसार उपसमिति</u>

### <u>मिति २०८१।२।९ को निर्णयः</u>

- आयोगको निर्णयानुसार अतिथि सत्कार/प्रचार प्रसार उपसमितिलाई तोकिएको मुख्य जिम्मेवारी सम्बन्धमा छलफल भयो।
- वार्षिकोत्सव कार्यक्रम भव्य रुपमा मनाउन कार्यक्रममा आमन्त्रण गरिने महानुभावहरुको सूची तयार गर्ने, अतिथिहरुलाई आमन्त्रण गर्न गरीने निमन्त्रणा कार्डको मस्यौदा गरी उक्त मस्यौदालाई मुलसमितिमा पेश गरी अन्तिम रुप दिएपश्चात आयोगको प्रशासन शाखा मार्फत छ्पाई र वितरणको व्यवस्था मिलाउने।
- प्रमुख अतिथि तथा अतिथिहरुलाई वितरण गर्ने व्याच तयार गरी प्रशासन शाखामार्फत छ्पाई गरी वार्षिकोत्सवको दिन वितरण गर्ने व्यवस्था मिलाउने।
- आयोगको वार्षिकोत्सवको सिलसिलामा सरकारी र निजी सञ्चार माध्यम (छापा तथा विद्युतीय) माध्यममार्फत आयोगको सन्देश प्रवाह हुने व्यवस्था मिलाउने।
- वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्न यस उपसमितिसँग सम्बन्धित विषयमा आवश्यक तयारी गर्ने।

### <u>मिति २०८।२।२३ को निर्णयः</u>

आगामी असार १ गते लोक सेवा आयोगको वार्षिकोत्सव कार्यक्रम भव्य रुपमा सम्पन्न गर्न देहाय बमोजिम गर्ने निर्णय गरियो।

- नेपाल टेलिभिजनबाट परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।
- रेडियो नेपालबाट परिसम्वाद तथा अन्तरसम्वाद कार्यक्रम उत्पादन तथा प्रशारण गर्ने।
- आयोगबाट सम्पादन भएका कामकारवाही सहितको विवरण समावेश भएको प्रकाशकीय सामग्री गोरखापत्र संस्थानबाट विशेष प्रकाशनको रुपमा निःशुल्क प्रकाशन गर्ने।
- विज्ञापन वोर्डमार्फत सरकारी तथा निजी सञ्चार माध्यमबाट लोक कल्याणकारी विज्ञापनको रुपमा आयोगको सन्देश प्रवाह गर्ने व्यवस्था मिलाउने।

विगत वार्षिकोत्सव कार्यक्रमहरुमा भएको सहभागिता समेतलाई मध्यनजर गरी उपसमितिबाट तयार भएको सहभागीहरुको सूचीलाई मूल समारोह समितिको निर्देशन बमोजिम अन्तिम रुप दिई आमन्त्रित सहभागीहरुलाई निमन्त्रणा गरिएको थियो।

आमन्त्रित सहभागीहरुलाई निम्न बमोजिमको निमन्त्रणा कार्ड मार्फत आमन्त्रण गरी सहभागिताको सुनिश्चित गरिएको थियो। प्रशासन शाखाबाट मूल समारोह समितिको स्वीकृति बमोजिम निम्न ढाँचाको २०० प्रति निमन्त्रणा कार्ड छपाइ गरी वितरण गरिएको थियो।

**लोक सेवा आयोग**
**कमलपोखरी, काठमाडौं**

## निमन्त्रणा

सम्माननीय कार्यवाहक राष्ट्रपति श्री रामसहाय प्रसाद यादवज्यूको प्रमुख आतिथ्यमा आयोजना हुने लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सव समारोहमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछु ।

**कार्यक्रम**
स्थानः लोक सेवा आयोग, कमलपोखरी, काठमाडौं
मितिः २०८१ आषाढ १ गते, शुक्रबार
समयः विहान ११:०० बजे
पोशाकः औपचारिक/राष्ट्रिय/मर्यादित

माधवप्रसाद रेग्मी
अध्यक्ष

- वार्षिकोत्सव समारोहमा आमन्त्रित महानुभावहरुको नामावली **अनुसूची-१** मा समावेश गरिएको छ।

४. सरकारी र निजी सञ्चार माध्यम (छापा तथा विद्युतीय) मार्फत आयोगको निम्न सन्देश प्रवाह गर्ने प्रबन्ध मिलाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गरिएको थियो।

- **योग्यता, स्वच्छता, निष्पक्षता - लोक सेवा आयोगको प्रतिवद्धता**

  यसैगरी नेपाल विज्ञापन बोर्डलाई सरकारी तथा निजी सञ्चार माध्यमबाट लोक कल्याणकारी विज्ञापनमार्फत देहाय बमोजिम लोक सेवा आयोगको सन्देश प्रवाह गरिदिन अनुरोध गरिएको थियो।

योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं

**"योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिवद्धता"**

- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं

२०८१ असार १ गते लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सव भव्यताका साथ मनाऔं

### ५. परिसम्वाद तथा अन्तरसम्वाद कार्यक्रमः

रेडियो नेपाल र नेपाल टेलिभिजनबाट अन्तर्वार्ता तथा परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने तथा वार्षिकोत्सवको दिन अर्थात असार १ गते गोरखापत्र राष्ट्रिय दैनिकमा विशेष प्रकाशन गर्ने व्यवस्थाका लागि समन्वय गरि उक्त कार्य सम्पन्न गरिएको थियो।

(क) **नेपाल टेलिभिजनः**

वार्षिकोत्सव कार्यक्रमलाई प्रभावकारी रुपमा आयोजना गर्ने सिलसिलामा २०८१ साल जेठ ३२ गते लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मी, लोक सेवा आयोगका पूर्व अध्यक्ष डा. कयोदेवी यमी र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक डा. राजन खनालसँग नेपाल टेलिभिजनद्वारा वर्तमान अवस्थामा लोक सेवा आयोग र आयोगसँग सम्बन्धित समसमायिक विषयमा सर्वसाधारणको जानकारीको लागि परिसम्वाद कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त परिसम्वाद कार्यक्रममा लोक सेवा आयोगको संवैधानिक जिम्मेवारी, आयोगले अवलम्वन गरेका मार्गदर्शक सिद्धान्तहरु, आयोगले अवलम्वन गरेका कार्यप्रणाली र आयोगप्रतिको सर्वसाधारणको जनविश्वास थप फराकिलो वनाउने विषयमा आवश्यक छलफल भएको थियो।

**(ख) रेडियो नेपालः**

वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्ने सिलसिलामा २०८१ साल असार १ गते लोक सेवा आयोगका माननीय सदस्य माधव बेलवासे, वरिष्ठ मुटु रोग विशेषज्ञ डा. भगवान कोइराला र नेपाल सरकारका राष्ट्रिय समाचार समितिका अध्यक्ष एबम बरिष्ठ संचारकर्मी श्री धर्मेन्द्र झासंग लोक सेवा आयोगसँग सम्बन्धित विषयमा रेडियो नेपालद्वारा परिसम्वाद कार्यक्रम सञ्चालन गरिएको थियो। यसैगरी लोक सेवा आयोगका माननीय सदस्य वीरबहादुर राईसँग रेडियो नेपालद्वारा २०८१ साल असार १ गते, बिहान ६:३० बजे अन्तरसम्वाद कार्यक्रममार्फत लोक सेवा आयोगका समसमायिक गतिविधिहरुको बारेमा प्रकाश पारिएको थियो।

**६. विशेष प्रकाशनः**

आयोगको कामकारवाही समावेश भएको विशेष प्रकाशन वार्षिकोत्सवको दिन गोरखापत्र दैनिक (रङ्गीन एक पेज) निःशुल्क प्रकाशनको प्रबन्ध गरिएको थियो। विशेष प्रकाशन **अनुसूची-२** मा समावेश गरिएको छ।

७. कार्यक्रमको दिन निम्न बमोजिम सञ्चार माध्यमलाई पत्राचार गरी आमन्त्रण गरिएको थियोः-

- श्री गोरखापत्र दैनिक
- श्री रेडियो नेपाल
- श्री नेपाल टेलिभिजन
- श्री राष्ट्रिय समाचार समिति
- श्री फोटो पत्रकार, सूचना तथा प्रसारण विभाग
- श्री न्यूज एजेन्सी नेपाल (NAN)

- श्री कान्तिपुर दैनिक
- श्री अन्नपूर्ण पोष्ट
- श्री नागरिक दैनिक
- श्री नयाँ पत्रिका दैनिक
- श्री राजधानी दैनिक
- श्री कान्तिपुर टेलिभिजन
- श्री एविसी टेलिभिजन
- श्री सगरमाथा टेलिभिजन
- श्री न्यूज 24 टेलिभिजन

**ग. मञ्च व्यवस्थापन उपसमिति**

- मूल समारेह समितिको निर्देशन र समन्वयमा रही वार्षिकोत्सव कार्यक्रमलाई भव्य रुपमा सम्पन्न गर्न आयोगको प्रवेशद्वार र परिसरमा स्वागतद्वार निर्माण गरिएको थियो। यस कार्यमा नेपाली सेनाको सहयोग लिईएको थियो।
- सुरक्षा व्वस्थालाई समेत मध्यनजर गरी आयोगको सभा हलमा आकर्षक मञ्च निर्माण गरिएको थियो र अवश्यकता अनुसार प्रवेशद्वारदेखि सभा हलसम्म तुल, व्यानर र फ्लेक्समार्फत सजाइएको थियो।
- कार्यक्रममा आमन्त्रण हुने महानुभावहरूको सूची अतिथि सत्कार तथा प्रचार प्रसार उपसमितिबाट प्राप्त गरी सुरक्षा निकायहरूका प्रमुख तथा प्रतिनिधिहरूसँग समन्वय गरी ३ पटक बैठकहरू आयोजना गरिएको,
- विशिष्ट अतिथीहरूको सुरक्षा व्यवस्था र सहजतालाई मध्यनजर गर्दै आयोगको भौतिक स्थिती निरीक्षण गरी आवश्यक सुधार गर्ने प्रबन्ध मिलाइएको,
- आयोगका पदाधिकारी, कर्मचारी तथा आमन्त्रित अतिथीहरूको सवारी साधन पार्किङका लागि आयोगको बेसमेन्टमा पार्किङ र अनामनगरस्थित आयोगको कार्यालयको पार्किङस्थल लगायतको प्रबन्ध गरिएको।

**घ. मूल समारोह समिति**

मूल समारोह समितिबाट आयोगले आफ्नो स्थापना दिवसको सिलसिलामा विगत वर्षहरुमा जस्तै गरी वार्षिकोत्सव मनाउने सिलसिलामा सुरक्षा व्यवस्थापन उपसमिति, अतिथि सत्कार तथा प्रचार प्रचार उपसमिति, कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति र मञ्च व्यवस्थापन उपसमिति गठन गरी तयारीको कार्य अगाडि बढाएकोमा उक्त उपसमितिका कार्यहरुलाई व्यवस्थित र मर्यादित बनाउन समन्वयको कार्य गरिएको थियो। मूल समारोह समितिको तर्फबाट आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीले वार्षिकोत्सवको उद्‌घाटनको लागि

सम्मानीय कार्यवाहक राष्ट्रपतिज्यूसँग भेट तथा निमन्त्रणा गरी वार्षिकोत्सवको उद्घाटन हुने गरी वार्षिकोत्सव कार्यक्रमको समुद्घाटनको प्रबन्ध मिलाईएको थियो। वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्न मूल समारोह समितिबाट निम्न बमोजिमको कार्यक्रम तालिका स्वीकृत भएको थियो।

**योग्यता** **निष्पक्षता** **स्वच्छता**

लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सव समारोह

कार्यक्रम- २०८१

२०८१ असार १ गते, शनिवार

| क्र.सं. | समय | कार्यक्रम |
|---|---|---|
| १ | १०:१५-१०:३० | अतिथि महानुभावहरुको आगमन तथा आसन ग्रहण |
| २ | ११:०० | सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूको आगमन तथा स्वागत<br>▪ सम्माननीयज्यूको स्वागत:<br>▪ मा.अध्यक्षज्यू र आयोगको पदाधिकारीहरुबाट<br>▪ राष्ट्रिय गान<br>▪ सम्माननीयज्यूको आसन ग्रहण<br>▪ सम्माननीयज्यूमा व्याच वितरण |
| ३ | ११:०५ | स्वागत मन्तव्य : सचिव श्री राजकुमार श्रेष्ठ |
| ४ | ११:१० | सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूबाट पानसमा दीप प्रज्वलन गरी कार्यक्रम समुद्घाटन |
| ५ | ११:१५ | मन्तव्य : माननीय अध्यक्ष श्री माधवप्रसाद रेग्मी |
| ६ | ११:२५ | सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूबाट लोक सेवा आयोगमा कार्यरत उत्कृष्ट कर्मचारीहरुलाई दोसल्ला र कदरपत्र प्रदान |
| ७ | ११:३५ | सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूबाट मार्गदर्शन सम्बोधन |
| ८ | ११:४५ | धन्यवाद तथा कृतज्ञता ज्ञापन:<br>माननीय सदस्य मञ्जु कुमारी |
| ९ | ११:५० | फोटो सेसन |
| १० | ११:५५ | जलपान |
| ११ | सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू तथा अन्य विशिष्ट अतिथिज्यूहरुको बिदाई। | |

कार्यक्रम सञ्चालन: सहसचिव श्री गीताकुमारी होमेगाई

सम्पर्क व्यक्ति: सचिव श्री राजकुमार श्रेष्ठ-९८४३०१७३११

कार्यक्रम स्थान: लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं

उपरोक्त कार्यक्रमको आधारमा वार्षिकोत्सव कार्यक्रमका प्रमुख अतिथि सम्माननीय कार्यवाहक राष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको समुपस्थितिमा आयोगको कमलपोखरीस्थित सभा हलमा वार्षिकोत्सवको समारोह सम्पन्न भएको थियो। वार्षिकोत्सवको दिन बिहान ११:०० बजे सम्मानीय कार्यवाहक राष्ट्रपतिज्यूबाट पानसमा दिप प्रज्वलन गरी वार्षिकोत्सव कार्यक्रमको समुद्घाटन गर्नुहुँदै नेपालकै जेठो संवैधानिक निकायका रुपमा रहेको लोक सेवा आयोगको ७४औं वार्षिकोत्सवको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रुपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले ७३ वर्षयता आफ्नो मूल सिद्धान्त योग्यता, निष्पक्षता र स्वच्छतालाई प्रमुख आधार मान्दै कार्यसम्पादन गर्न सफल भएकोमा आयोगको प्रशंसा गर्नुभयो। उहाँले आयोगले सदैव वर्तमान पुस्ता प्रति न्याय र भविष्यका पुस्ताप्रतिको आशा र भरोसाको केन्द्रका रुपमा यसरी नै आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्न सक्नु पर्ने कुरामा जोड दिंदै कर्मचारी भर्ना र छनौट समग्र प्रशासन संयन्त्रको जग भएकोले गलत भर्ना नीति र प्रक्रियाले प्रशासनिक संगठनभित्र स्थायी खराबीहरु प्रवेश गर्न सक्नेतर्फ सजग रहँदै आयोगले यसलाई निरुत्साहित गर्न योग्यताका सबै तत्वहरु पूर्वानुमेयता हुने गरी आफ्नो परीक्षण विधिहरुमा समयसापेक्ष सुधार गर्न जरुरी रहेको उल्लेख गर्नुभयो। सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूबाट वार्षिकोत्सवको अवसरमा दिनुभएको सम्बोधन मन्तव्य **<u>अनुसूची-३</u>** मा समावेश गरिएको छ।

वार्षिकोत्सव कार्यक्रममा लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीले मन्तव्य राख्नु हुँदै आयोगले नेपालको संविधान, सेवा, समूह, उपसमूह सञ्चालनसँग सम्बन्धित कानुन, सम्बन्धित सुरक्षा निकाय तथा संगठित संस्थाहरुसँग सम्बद्ध कानुन समेतका आधारमा आफ्नो कार्य सम्पादन गर्दै आएको, कानुनी व्यवस्था बमोजिम विभिन्न समितिमा आयोगको प्रतिनिधित्व रहेको, आयोगबाट सुरक्षा निकाय तथा अन्य सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याए पश्चात आयोगबाट परीक्षा सञ्चालन गरिने पाठ्यक्रमलाई समयसापेक्ष र थप व्यवहारिक बनाउन यो वर्षलाई पाठ्यक्रम निर्माण तथा परिमार्जन वर्षका रुपमा अभियानका साथ लिईएको, प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको र यस्ता सम्मेलनहरुमार्फत लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता, पद्दति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अबलम्बन गर्न गराउनेतर्फ सकारात्मक भूमिका निर्वाह गरिएको उल्लेख गर्नुभयो। आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीबाट वार्षिकोत्सवको अवसरमा दिनुभएको सम्बोधन मन्तव्य **<u>अनुसूची-४</u>** मा समावेश गरिएको छ।

कार्यक्रमको अन्तमा आयोगका माननीय सदस्य मञ्जु कुमारीले प्रमुख अतिथि लगायत उपस्थित महानुभावहरुको सहभागिताको लागि आयोगको तर्फबाट धन्यवाद मन्तव्य दिदैं आयोगले सम्पादन गरेका राम्रा अभ्यासहरुको संक्षिप्त प्रस्तुति गर्नुभएको थियो। आयोगका माननीय सदस्य मञ्जु कुमारीबाट वार्षिकोत्सवको अवसरमा दिनुभएको धन्यवाद मन्तव्य **अनुसूची-५** मा समावेश गरिएको छ।

कार्यक्रमको प्रारम्भमा प्रमुख अतिथि लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई आयोगको तर्फबाट आयोगका सचिव श्री राजकुमार श्रेष्ठबाट स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। आयोगका सचिव राजकुमार श्रेष्ठले वार्षिकोत्सवको अवसरमा गर्नुभएको स्वागत मन्तव्य **अनुसूची-६** मा समावेश गरिएको छ।

**पुरस्कार तथा सम्मानः** वार्षिकोत्सव कार्यक्रमको सिलसिलामा आयोगको निर्णायानुसार आयोगको सदस्य भई आयोगको शाख र गरिमा अभिबृद्धि गर्न उल्लेखनीय योगदान पुऱ्याउनु भएको पुर्व सदस्य प्रा.डा. श्री भीमदेव भट्टज्यूलाई सम्मान गर्दै सम्मानपत्र सहित दोसल्ला प्रदान गरिएको थियो।

त्यसैगरी सचिवालयको सिफारिसको आधारमा आयोग र अन्तर्गत कार्यालयमा कार्यरत रही उत्कृष्ट कार्य सम्पादन गर्ने तपसिल बमोजिमका कर्मचारीहरुलाई वार्षिकोत्सवका अवसरमा पुरस्कृत र सम्मानित गरिएको थियो।

- **उत्कृष्ट कर्मचारी पुरस्कार**

  आयोग र अन्तर्गत कार्यालयहरुमा कार्यरत रही आर्थिक वर्ष २०८०/८१ मा उत्कृष्ट कार्य सम्पादन गर्ने निम्न कर्मचारीहरुलाई पुरस्कार र सम्मानपत्र सहित सम्मानित गरिएको थियो।

१. शाखा अधिकृत, श्री भरत थापा, लोक सेवा आयोग, केन्द्रीय कार्यालय

२. नायब सुब्बा, श्री ऋषिराम धिताल, लोक सेवा आयोग, केन्द्रीय कार्यालय

३. कार्यालय सहयोगी, श्री सुरेश साह, लोक सेवा आयोग, जलेश्वर कार्यालय

**सुचना प्रविधितर्फ उत्कृष्ट कार्य सम्पादन गरी सम्मानित हुने कर्मचारी**

१. आयोग र अन्तर्गत कार्यालयहरुमा कार्यरत रही आर्थिक वर्ष २०८०-८१ मा आयोगको कार्य सम्पादनमा सूचना प्रविधिको माध्यमबाट उत्कृष्ट कार्य सम्पादन गर्ने कम्प्युटर अपरेटर श्री शान्तिमाया खतिवडा (लोक सेवा आयोग, केन्द्रीय कार्यालय) लाई सम्मानपत्र सहित सम्मानित गरिएको थियो।

**<u>वार्षिकोत्सव कार्यक्रम सम्बन्धी प्रेस विज्ञप्ती</u>:** वार्षिकोत्सव कार्यक्रम सम्पन्न भए पश्चात सरोकारवालाको जानकारीको लागी आयोगको तर्फबाट प्रेस विज्ञप्ती जारी गरिएको थियो। आयोगका प्रवक्ताद्वारा जारी भएको प्रेस विज्ञप्ती **<u>अनुसूची-७</u>** मा समावेश गरिएको छ।

## अनुसूची - १
## (आमन्त्रित महानुभावहरूको सूची)

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री प्रेमकुमार राई | प्रमुख आयुक्त | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं |
| २ | श्री तोयम राया | महालेखा परीक्षक | महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं |
| ३ | श्री दिनेश थपलिया | प्रमुख निर्वाचन आयुक्त | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं |
| ४ | श्री तपबहादुर मगर | अध्यक्ष | राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर |
| ५ | श्री बालानन्द पौडेल | अध्यक्ष | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरवार |
| ६ | श्री कमला पराजुली | अध्यक्ष | राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजा, काठमाडौं |
| ७ | श्री देवराज विश्वकर्मा | अध्यक्ष | राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर |
| ८ | श्री बिष्णुमाया ओझा | का.वा. अध्यक्ष | राष्ट्रिय समावेशी आयोग, श्रीमहल पुल्चोक, ललितपुर |
| ९ | श्री रामबहादुर थापामगर | अध्यक्ष | आदिवासी जनजाति आयोग, पुल्चोक, ललितपुर |
| १० | डा. विजय कुमार दत्त | अध्यक्ष | मधेशी आयोग, ज्वागल, ललितपुर |
| ११ | श्री विष्णुप्रसाद चौधरी | अध्यक्ष | थारू आयोग, अनामनगर, काठमाडौं |
| १२ | श्री समिम मियाँ अन्सारी | अध्यक्ष | मुस्लिम आयोग, जावलाखेल, ललितपुर |
| १३ | श्री महेन्द्रमान गुरुङ | प्रमुख सूचना आयुक्त | राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौं |
| १४ | डा. दिनमणी पोखरेल | महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय, पुतलीसडक, काठमाडौं |
| (ख) नेपाल सरकारका मुख्य सचिव/सचिवहरुः | | | |
| १५ | डा. बैकुण्ठ अर्याल | मुख्य सचिव | नेपाल सरकार |
| १६ | श्री पदमप्रसाद पाण्डेय | महासचिव | संघीय संसद |
| १७ | श्री देवेन्द्रराज ढकाल | मुख्य रजिस्ट्रार | सर्वोच्च अदालत |
| १८ | श्री डिल्लीराम शर्मा | सचिव | राष्ट्रपतिको कार्यालय |
| १९ | श्री राधिका अर्याल | सचिव | उपराष्ट्रपतिको कार्यालय |
| २० | श्री लिलादेवी गडतौला | सचिव (कानून) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २१ | डा. कृष्णहरी पुष्कर | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २२ | श्री खगेन्द्रप्रसाद नेपाल | सचिव (विशेष दरवन्दी) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३ | श्री सरजुकुमार बैद्य | सचिव (इन्जिनियरिङ्ग) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४ | श्री नारायणप्रसाद शर्मा दुवाडी | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २५ | श्री मधुकुमार मरासिनी | सचिव (अर्थ) | अर्थ |
| २६ | डा. रामप्रसाद घिमिरे | सचिव (राजस्व) | अर्थ |

| | | | |
|---|---|---|---|
| २७ | श्री दिनेशकुमार घिमिरे | सचिव (वाणिज्य तथा आपूर्ति) | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २८ | श्री कृष्णवहादुर राउत | सचिव (उद्योग) | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २९ | श्री सुशिलचन्द्र तिवारी | सचिव (ऊर्जा) | ऊर्जा, जलस्रोत तथा सिंचाई |
| ३० | श्री सरीता दवाडी | सचिव (जलस्रोत तथा सिँचाई) | ऊर्जा, जलस्रोत तथा सिंचाई |
| ३१ | श्री फणीन्द्र गौतम | सचिव | कानुन, न्याय, तथा संसदीय मामिला |
| ३२ | डा. दिपककुमार खराल | सचिव (कृषि) | कृषि तथा पशुपन्छी विकास |
| ३३ | डा. राजेन्द्रकुमार मिश्र | सचिव (पशुपन्क्षी) | कृषि तथा पशुपन्छी विकास |
| ३४ | श्री सुरेश आचार्य | सचिव | खानेपानी |
| ३५ | श्री एकनारायण अर्याल | सचिव | गृह |
| ३६ | श्री सेवा लम्साल | सचिव | परराष्ट्र |
| ३७ | श्री गोकर्णमणि दुवाडी | सचिव | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| ३८ | श्री गोपालप्रसाद सिग्देल | सचिव | भौतिक पूर्वाधार तथा यातायात |
| ३९ | श्री दिनेश भट्टराई | सचिव | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| ४० | श्री सुमनराज अर्याल | सचिव | युवा तथा खेलकुद |
| ४१ | श्री किरणराज शर्मा | सचिव | रक्षा |
| ४२ | डा. गोविन्दप्रसाद शर्मा | सचिव | वन तथा वातावरण |
| ४३ | डा. दिपक काफ्ले | सचिव (शिक्षा) | शिक्षा, विज्ञान तथा प्रविधि |
| ४४ | श्री विश्ववाबु पुडासैनी | सचिव (विज्ञान तथा प्रविधि) | शिक्षा, विज्ञान तथा प्रविधि |
| ४५ | श्री घनश्याम उपाध्याय | सचिव | श्रम , रोजगार तथा सामाजिक सुरक्षा |
| ४६ | डा. गणेशप्रसाद पाण्डेय | सचिव | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| ४७ | श्री मुकुन्दप्रसाद निरौला | सचिव | संघीय मामिला तथा सामान्य प्रशासन |
| ४८ | श्री रामकृष्ण सुवेदी | सचिव | सञ्चार तथा सूचना प्रविधि |
| ४९ | श्री मणिराम गेलाल | सचिव | शहरी विकास |
| ५० | श्री हरिप्रसाद मैनाली | सचिव (जनसंख्या र प्रशासन) | स्वास्थ्य तथा जनसंख्या |
| ५१ | डा. रोशन पोखरेल | सचिव (स्वास्थ्य) | स्वास्थ्य तथा जनसंख्या |
| ५२ | श्री विमल पौडेल | रजिस्ट्रार | सर्वोच्च अदालत |
| ५३ | श्री भद्रकाली पोखरेल | रजिस्ट्रार | सर्वोच्च अदालत |
| ५४ | श्री यमबहादुर वुढामगर | सचिव | न्याय परिषद् सचिवालय |
| ५५ | श्री सुदर्शन खड्का | सचिवालय सचिव | संघीय संसद सचिवालय |
| ५६ | डा. रोजनाथ पाण्डे | सचिवालय सचिव | संघीय संसद सचिवालय |

| | | | |
|---|---|---|---|
| ५७ | डा. टेकबहादुर घिमिरे | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ५८ | श्री गोपालप्रसाद रिजाल | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ५९ | श्री संजीवराज रेग्मी | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६० | श्री खेमराज ज्ञवाली | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६१ | श्री रामेश्वर दंगाल | सचिव | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ६२ | श्री बामदेव शर्मा अधिकारी | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६३ | श्री विन्दु विष्ट | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६४ | श्री पदमराज पौडेल | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६५ | श्री वैकुण्ठबहादुर अधिकारी | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६६ | श्री रविलाल पन्थ | सचिव | निर्वाचन आयोग |
| ६७ | श्री मुरारीप्रसाद खरेल | सचिव | राष्ट्रिय मानव अधिकार आयोग |
| ६८ | श्री मधुसुधन वुर्लाकोटी | सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ६९ | डा. तोयनारायण ज्ञवाली | सचिव | राष्ट्रिय योजना आयोग |
| ७० | श्री केशवकुमार विडारी | सचिव | जल तथा उर्जा आयोग |
| ७१ | श्री तोयानाथ अधिकारी | सचिव | नेपाल कानुन आयोग |
| ७२ | श्री उदयराज सापकोटा | सचिव | सत्य निरुपण तथा मेलमिलाप आयोग |
| ७३ | श्री लोकराज पराजुली | सचिव | बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग |
| ७४ | श्री विनोदप्रकाश सिंह | महालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय |
| ७५ | श्री भरतमणि सुवेदी | सचिव | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ७६ | श्री रामआधार साह | प्रमुख अधिकृत/सचिव | राष्ट्रिय सतर्कता केन्द्र |
| ७७ | श्री प्रमिलादेवी बज्राचार्य | सचिव | नेपाल ट्रष्टको कार्यालय |
| ७८ | श्री अर्जुनप्रसाद पोखरेल | प्रमुख तथ्याङ्क अधिकारी/सचिव | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| **(ग) सुरक्षा निकायका प्रमुखहरुः** | | | |
| ७९ | श्री प्रभुराम शर्मा | प्रधान सेनापति | नेपाली सेना |
| ८० | श्री बसन्तबहादुर कुँवर | प्रहरी महानिरीक्षक | नेपाल प्रहरी |
| ८१ | श्री राजु अर्याल | सशस्त्र प्रहरी महानिरीक्षक | सशस्त्र प्रहरी बल, नेपाल |
| ८२ | श्री हुतराज थापा | मुख्य अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग |
| ८३ | श्री जितेन्द्र बस्नेत | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, काठमाडौं |

| | | | |
|---|---|---|---|
| **(घ) लोक सेवा आयोगका पूर्व पदाधिकारीहरुः** | | | |
| ८४ | श्री योगेन्द्रनाथ ओझा (अध्यक्ष) | पूर्व-पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ८५ | डा. कयोदेवी यमी (अध्यक्ष) | पूर्व-पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ८६ | श्री उमेशप्रसाद मैनाली (अध्यक्ष) | निवर्तमान पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ८७ | डा. गौरीशंकरलाल दास (चावहिल सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ८८ | डा.मधुनिधि तिवारी (कमलपोखरी सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ८९ | श्री देवशरण प्रसाद (घट्टेकुलो, सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९० | श्री उर्मिला श्रेष्ठ (सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९१ | डा. भीमदेव भट्ट (डिल्लीबजार,सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९२ | डा. गणेशमान गुरुङ्ग (टयाङ्गलाफाँट, सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९३ | डा. श्रीकृष्ण यादव (धोविघाट, सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९४ | श्री कृष्णप्रसाद पोखरेल | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९५ | श्री टीकादत्त निरौला | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९६ | श्री राजेन्द्रप्रसाद शाह | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९७ | श्री विन्द्रा हाडा भट्टराई | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९८ | डा. गोविन्दप्रसाद कुसुम | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९९ | श्री श्रीपुरुष ढकाल | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०० | श्री अशोककुमार झा | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०१ | श्री ब्रह्मदेव राय | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०२ | श्री कृष्णचन्द्र झा | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| **(ङ) लोक सेवा आयोगका पूर्व सचिवहरुः** | | | |
| १०३ | श्री कुमार प्रसाद पौडेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०४ | श्री केशवप्रसाद भट्टराई | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०५ | श्री दामोदर ढकाल | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०६ | श्री नाथुप्रसाद चौधरी | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०७ | श्री बाबुराम सापकोटा | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०८ | श्री श्यामप्रसाद मैनाली | पूर्व-सचिव | लोक सेवा आयोग |

| | | | |
|---|---|---|---|
| १०९ | श्री श्रीधर सापकोटा | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११० | श्री श्रीराम पौडेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| १११ | श्री सुशिल कान्त झा | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११२ | श्री सुशिल जंग बहादुर राणा | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११३ | श्री हेमराज पौडेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११४ | श्री विष्णुप्रसाद लम्साल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११५ | श्री मधुप्रसाद रेग्मी | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११६ | श्री आनन्दराज ढकाल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११७ | श्री महेन्द्रप्रसाद गुरागाईं | पूर्व-सचिव | लोक सेवा आयोग |
| **(च) लोक सेवा आयोगका पूर्व कर्मचारीहरुः** | | | |
| ११८ | श्री पुष्करराज पन्त | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| ११९ | श्री लाल बहादुर कार्की | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२० | श्री प्रेमप्रसाद पौडेल | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२१ | श्री रमेश मैनाली | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२२ | श्री वलदेवप्रसाद जोशी | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२३ | श्री टामलाल पाण्डे | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२४ | श्री ताराप्रसाद भट्टराई | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२५ | श्री राजेश पौडेल | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२६ | श्री श्यामराज अधिकारी | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२७ | श्री कुमार पौडेल | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १२८ | श्री डिल्लीराज पोखरेल | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १२९ | श्री ध्यानकुमार थापा | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १३० | श्री नारायणप्रसाद कोइराला (इलाम) | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १३१ | श्री केशवराज त्रिपाठी | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १३२ | श्री देवनाथ पोखरेल | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |

| | | | |
|---|---|---|---|
| १३३ | श्री गिता अधिकारी (घिमिरे) | सेवा निवृत्त राष्ट्रसेवक (ब.पुस्तकालय अधिकृत) | लोक सेवा आयोग |
| १३४ | श्री नवराज लम्साल | सेवा निवृत्त राष्ट्रसेवक (तथ्याङ्क उपसचिव) | लोक सेवा आयोग |
| १३५ | श्री प्रेमबहादुर श्रेष्ठ | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १३६ | श्री गंगाराम प्रजापति | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १३७ | श्री रेवती के.सी. | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १३८ | श्री रामप्रसाद ढुंगाना (धनकुटा) | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १३९ | श्री बालकुमार खतिवडा | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १४० | श्री रविन्द्रकुमार भण्डारी | सेवा निवृत्त राष्ट्रसेवक (अफसेट प्रेस सुपरभाइजर) | लोक सेवा आयोग |
| १४१ | श्री रामकुमारी श्रेष्ठ | सेवा निवृत्त राष्ट्रसेवक (टा.ना.सु.) | लोक सेवा आयोग |
| १४२ | श्री गीतादेवी माली | सेवा निवृत्त राष्ट्रसेवक (टा.ना.सु.) | लोक सेवा आयोग |
| १४३ | श्री देबेन्द्र बैद्य | सेवा निवृत्त राष्ट्रसेवक (सि.बुक बाइन्डर) | लोक सेवा आयोग |
| १४४ | श्री अशोककुमार गुरुङ | सेवा निवृत्त राष्ट्रसेवक (सिनियर कम्पोजिटर) | लोक सेवा आयोग |
| १४५ | श्री चिरन्जीवी ज्ञवाली | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १४६ | श्री इन्दिरा सुवेदी | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १४७ | श्री सविता निरौला | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १४८ | श्री रश्मी सिंह | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १४९ | श्री मणिरामप्रसाद उपाध्याय | सेवा निवृत्त राष्ट्रसेवक (लेखापाल) | लोक सेवा आयोग |
| १५० | श्री विष्णुबहादुर कुँवर | सेवा निवृत्त राष्ट्रसेवक (का.स.) | लोक सेवा आयोग |
| १५१ | श्री पदमबहादुर तमाङ | सेवा निवृत्त राष्ट्रसेवक (हलुका सवारी चालक) | लोक सेवा आयोग |
| १५२ | श्री खडगबहादुर थापा सुनारी मगर | सेवा निवृत्त राष्ट्रसेवक (हलुका सवारी चालक) | लोक सेवा आयोग |
| १५३ | श्री हरिकुमार पाण्डे | सेवा निवृत्त राष्ट्रसेवक (हलुका सवारी चालक) | लोक सेवा आयोग |
| १५४ | श्री माधवप्रसाद भट्टराई | सेवा निवृत्त राष्ट्रसेवक (का.स.) | लोक सेवा आयोग |
| १५५ | श्री रत्ना चौधरी | सेवा निवृत्त राष्ट्रसेवक (का.स. सुर्खेत) | लोक सेवा आयोग |

## अनुसूची-२
## (विशेष प्रकाशन)

# अनुसूची -३

## (सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूको सम्बोधन)

**लोक सेवा आयोगका अध्यक्ष, संवैधानिक निकायका प्रमुखहरु,**
**लोक सेवा आयोगका पदाधिकारीहरु, नेपाल सरकारका मुख्य सचिव तथा सचिवहरु,**
**विशिष्ट अतिथिहरु, सुरक्षा निकायका प्रमुखहरु, संचारकर्मी मित्रहरु,**
**भद्र महिला तथा सज्जनवृन्द।**

लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सवको अवसरमा आयोगका सम्पूर्ण कर्मचारी/पदाधिकारीसहित सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

वार्षिकोत्सव विगतका कामहरुको समीक्षा र मूल्यांकन गर्दै सकारात्मक पाटोलाई आत्मसात गरी अघि बढ्नका लागि महत्वपूर्ण मार्गदर्शन प्राप्त गर्ने अवसर हो। आयोगले यो अवसरलाई आफ्ना विगतका कमीकमजोरीको स्वपरिक्षण, स्वविश्लेषण र स्वमूल्यांकन गर्दै समयानुकूल परिष्कृत, परिमार्जन र सुधारका साथ अघि बढ्ने ज्यावलका रुपमा उपयोग गर्न सक्नु पर्दछ।

मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रुपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले ७३ वर्षयता आफ्नो मूल सिद्धान्त योग्यता, निष्पक्षता र स्वच्छतालाई प्रमुख आधार मानेर गर्दै आएको कार्यसम्पादनको उच्च प्रशंसा गर्दछु। आयोगले सदैव वर्तमान पुस्ता प्रति न्याय र भविष्यका पुस्ता प्रतिको आशाको केन्द्रका रुपमा संधै आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्नु पर्दछ। तत् तत् जिम्मेबारीसहितको काममा आयोग सफल भएकोमा खुशी व्यक्त गर्दछु।

कर्मचारी भर्ना र छनौट समग्र प्रशासन संयन्त्रको जग भएकोले गलत भर्ना नीति र प्रक्रियाले प्रशासनिक संगठनभित्र स्थायी खराबीहरु प्रवेश गर्न सक्ने भएकोले आयोग यसप्रति सदैव सचेत र सावधान हुन जरुरी छ। आयोग योग्यताका सबै तत्वहरु पूर्वानुमेयता हुने गरी आफ्नो परीक्षण विधिहरुमा समयसापेक्ष सुधार र परिस्कृत गर्दै अघि बढ्नु सकारात्मक छ। यसले योग्यताको धरातलमा अवलम्बन गरिने सुधारहरु उच्च नैतिकवान र उत्प्रेरित कर्मचारी छनौटमा टेवा पनि पुगेको छ। मुलुकमा सुशासन कायम गर्ने यो मुल मर्मसहितको आफ्नो मार्गमा किन्चित विचलित हुनु हुँदैन।

साथै, सुशासन समग्र सिद्धान्त, व्यवहार र आम नागरिकले अनुभूति गर्ने विषय समेत भएकोले यसलाई नारामा मात्रै सीमित राखिनु हुँदैन। आयोगले गर्ने भर्ना छनौटको उद्देश्य वर्तमान परिवेशले सिर्जित समस्या र चुनौतीहरुको सामना गर्न सक्ने, सबैखाले परिवर्तनलाई कुशल व्यवस्थापन गर्न सक्ने दक्ष, सक्षम र उत्कृष्ट जनशक्ति सरकारी सेवामा प्रवेश आजको आवश्यकता हो।

निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने र यो सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, अन्य संघीय सरकारी सेवा तथा संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी तथा कर्मचारी व्यवस्थापनका विभिन्न विषयमा परामर्श लिनुपर्ने काम आयोगको हुने भन्ने पछिल्लो व्यवस्था महत्वपूर्ण छन्।

आयोगले विगतमा 'अप्टिकल मार्क रिडर (ओएमआर)' विधिबाट उत्तरपुस्तिका परीक्षण शुरुवात गरी 'एसेसमेन्ट सेन्टर मेथोडोलजी (एसीएम)' हुँदै 'इन बास्केट एक्सरसाईज' विधिसम्म आइपुगेको जानकारी पाएर खुशी लागेको छ। यी प्रामाणिक परिक्षण विधि र प्रविधिबाट सक्षम उम्मेदवारको सिफारिस हुनु सकारात्मक त छदैछ, नेपालको संविधान, ऐन र कानूनको परिधिभित्र रही स्वीकृत आचारसंहिताको पूर्ण परिपालन पनि हो।

आयोगले योग्यता (प्रिन्सिपल अफ मेरिट), निष्पक्षता (प्रिन्सिपल अफ इम्पार्सियालिटी), स्वच्छता (प्रिन्सिपल अफ फेयरनेश), समान अवसर (प्रिन्सिपल अफ इक्वैल अपरच्युनिटी), समावेशिता (प्रिन्सिपल अफ इन्क्लुसिभनेस), द्विअन्ध ( प्रिन्सिपल अफ डबल ब्लाइन्ड), परिचय शून्यता (प्रिन्सिपल अफ आइडन्टिटि मास्किड), असंलग्नता (प्रिन्सिपल अफ ननइन्भल्वमेन्ट) तथा गोपनियता (प्रिन्सिपल अफ सेक्रेसी) को सिद्धान्तहरु अनुसार कार्यसम्पादन गर्नु प्रशंनीय छन्। यी सिद्धान्तहरुले आयोगका कामप्रतिको जनविश्वास पनि बढाएको छ। यसलाई कायम राख्न नितान्त जरुरी छ।

मुलुकमा संघीयता कार्यान्वयन पछि लोक सेवा आयोग ऐन-२०७९ जारी भए पश्चात आयोगबाट लोक सेवा आयोग नियमावली, आयोगको कार्य सञ्चालन निर्देशिका तर्जुमा गरी त्यसलाई कार्यान्वयन गर्दै ६ महिनायता आयोगले दोस्रो रणनीतिक योजना कार्यान्वयनमा ल्याउनु सराहनीय छ।

आयोगले संघीयता अनुरुप समावेशी समूहतर्फ उम्मेदवार छनौट प्रक्रियालाई समयसापेक्ष परिष्कृत गर्दै यी समूहबाट थप उम्मेदवार सफल हुन सक्ने गरी कार्यसम्पादन गर्न अति आवश्यक छ।

अन्त्यमा, आज सम्मानित हुनु भएका सम्पूर्ण व्यक्तित्वलाई हार्दिक बधाईसंगै उहाँहरुको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

साथै, आयोगले समयको माग अनुसार आफूलाई प्रविधिमैत्री बनाउँदै आफ्नो दायित्व र जिम्मेवारीलाई थप विश्वसनीय बनाउने विश्वासका साथ आयोगको ७४औं वार्षिकोत्सव र आगामी समयमा सम्पादन हुने कामका लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८१ असार १ गते शनिबार।

## अनुसुची-४

(लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले दिनुभएको मन्तव्य)

### २०८१ असार १ गते

सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू,
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू,
लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरू,
नेपाल सरकारका मुख्यसचिवज्यू,
प्रधानसेनापतिज्यू,
आयोगका माननीय सदस्यज्यूहरू,
आयोगका पूर्व सदस्यज्यूहरू,
संघीय संसदका महासचिवज्यू,
नेपाल सरकारका सचिवज्यूहरू,
सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,
आमन्त्रित विशिष्ट अतिथिज्यूहरू,
सञ्चारकर्मी मित्रहरू,
आयोग र मातहतका कार्यालयमा कार्यरत र सेवा निवृत्त सम्पूर्ण कर्मचारीहरू,
भद्र महिला तथा सज्जनवृन्द।

लोक सेवा आयोगको यस ७४ औं वार्षिकोत्सव समारोहमा हाम्रो विशेष अनुरोधलाइ स्वीकार गरी आफ्नो व्यस्त कार्यतालिकाका बावजूद प्रमुख आतिथ्य ग्रहण गरिदिनुभएकोमा आयोगको तर्फवाट सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। सम्माननीयज्यूको समुपस्थितिले हाम्रो वार्षिकोत्सव समारोह गरिमामय बनेको छ र हाम्रो हौसला बढेको छ।

विक्रम संवत् २००८ साल असार १ गते गठन भएको नेपालको सवैभन्दा जेठो संवैधानिक अङ्ग लोक सेवा आयोगले योग्यता, निष्पक्षता र स्वच्छतालाई आफ्नो कार्यसम्पादनका आधारका रुपमा लिंदै समानता, स्वच्छ प्रतिस्पर्धा र समन्याय जस्ता लोकतान्त्रिक गुणहरुलाई मूल मन्त्रको रुपमा अंगीकार गर्दै आएको छ।

आयोगको निष्पक्षताको वलियो आधार निर्माण गरिदिएर यस संस्थालाई जनविश्वासको धरोहरको रुपमा स्थापित गराउन महत्वपूर्ण योगदान दिने आयोगका पूर्वपदाधिकारीहरुको उपस्थितिले हामीलाई कर्तव्यप्रति अझ प्रतिबद्ध हुन मद्दत गरेको छ।

कार्यक्रममा उपस्थित अन्य विशिष्ट व्यक्तित्वहरु लगायत आमन्त्रित अतिथि गणहरुको भव्य उपस्थिति आयोगको संवैधानिक भूमिका अझ प्रभावकारीरुपमा निर्वाह गर्न थप प्रेरणात्मक हुने ठानेको छु।

**सम्माननीयज्यू,**

लोक सेवा आयोगले आफ्नो ऐतिहासिक यात्राका क्रममा सात दशक पार गरिसकेको छ। स्थापनाको वर्ष विक्रम सम्वत २००८ साल भाद्र १८ गते आयोगले पहिलो पटक छ पदको लागि विज्ञापन गरेर आफ्नो

कामको प्रारम्भ गरेको थियो। सार्वजनिक पदका लागि कर्मचारीको स्थायी नियुक्ति गर्न यस आयोगको परामर्श अनिवार्य लिनुपर्ने पद्दति स्थापित हुने वर्तमान अवस्थासम्म आउन आयोगले विभिन्न आरोह र अवरोहहरू पार गरेको छ।

सार्वजनिक निकायका कर्मचारी भर्ना र छनौटमा योग्यता प्रणाली स्थापित गर्न लोक सेवा आयोग अग्रणी संस्थाको रूपमा स्थापित भएको छ। आयोगको आजसम्मको उत्कृष्ट कार्यसम्पादनका लागि आयोगमा रही वा नरही योगदान गर्नुहुने सम्पूर्ण पदाधिकारी, कर्मचारी तथा विषय विज्ञ वा दक्ष प्रति हार्दिक सम्मान गर्दै आभार व्यक्त गर्दछु। यस गरिमामय संस्थाको विश्वसनीयताको जगलाई मजवुत राख्न हामी वर्तमान पदाधिकारीहरू कृत संकल्परत रहेका छौं।

नेपालको संविधानको भाग २३ धारा २४२ को उपधारा (१) अनुसार लोक सेवा आयोगमा अध्यक्ष र अन्य ४ जना सदस्यहरू रहने प्रावधान छ। त्यस्तै, धारा २४३ मा गरिएको व्यवस्थाले आयोगलाई कार्यसम्पादनको संवैधानिक आधार प्रदान गरेको छ।

निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने र निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी लोक सेवा आयोगको हुने संवैधानिक व्यवस्था रहेको छ।

यसैगरी संघीय निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाका कर्मचारी व्यवस्थापनका विभिन्न विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ।

संवैधानिक एवं कानूनी व्यवस्था अनुरूप निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन २०५३ बमोजिम राजपत्रांकित विशिष्ट श्रेणी (सचिव) पदको वढुवा समिति, शिक्षक सेवा आयोग पदाधिकारी सिफारिस समिति, राष्ट्रिय परीक्षा बोर्ड अध्यक्ष सिफारिश समिति र स्वास्थ्य बिमा बोर्डको कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिश गर्न गठित समितिको अध्यक्ष एवं चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्तिका लागि सिफारिश गर्न गठित समितिको संयोजक र न्याय सेवा आयोगको सदस्यमा आयोगका अध्यक्षबाट प्रतिनिधित्व गरी कार्य सम्पादन भइ रहेको छ। निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठित अन्य अधिकृतस्तरका बढुवा समितिमा आयोगका सदस्यहरूबाट प्रतिनिधित्व भइरहेको छ। यसैगरी विभिन्न प्रतिष्ठान सेवा आयोग तथा विश्व विद्यालय सेवा आयोग लगायत विभिन्न विषयगत ऐन, नियमहरूद्वारा गठित पदपूर्ति र छनौट समिति तथा सैनिक ऐन, २०६३, प्रहरी नियमावली, २०७१, सशस्त्र प्रहरी बल ऐन, २०५८ बमोजिम गठित पदपूर्ति/छनौट समिति र राष्ट्रिय अनुसन्धान विभाग छनौट समितिमा पनि आयोगका सदस्यहरूबाट प्रतिनिधित्व भइरहेको छ।

वि.सं. २०७२ मा नेपालको संविधान जारी भएको लामो समयसम्म पनि तर्जुमा हुन नसकेको लोक सेवा आयोग ऐन, २०७९ मिति २०७९ असार ३१ गते जारी भएको २ महिना भित्रै लोक सेवा आयोग नियमावली, २०७९ तथा लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसवाट संविधान वमोजिम आयोगका काम कारवाहीलाई अनुकूलन गर्न सकिएको छ।

निजामती सेवा,सुरक्षा निकाय तथा सङ्गठित संस्था सहित अन्य सार्वजनिक सेवामा कर्मचारी भर्ना र छनौटको कार्यलाई थप वस्तुनिष्ठ,समसामयिक र विश्वसनीय बनाउन तथा आयोगको संस्थागत क्षमता सुदृढीकरण गर्न आयोगको दोस्रो रणनीतिक योजना (२०७९/८०—२०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ। उक्त योजनाका आधारमा वार्षिक कार्यक्रमहरू तय गरी व्यवस्थित रूपमा लक्ष्यहरू प्राप्त गर्ने वातावरण बनाईएको छ।

आयोगले वि.सं. २०६९ सालदेखि अप्टिकल मार्क रिडर (Optical Mark Reader-OMR) विधिवाट स्वचालित रूपमा वस्तुगत उत्तरपुस्तिका परीक्षणको सुरूआत, वि.सं. २०७१ सालवाट विद्युतीय विधिवाट दरखास्त सङ्कलन गर्न सुरूआत, वि.सं. २०७२ सालवाट अलग-अलग विज्ञवाट उत्तरपुस्तिकाकको दोहोरो परीक्षण सुरूआत, वि.सं. २०७३ सालदेखि सहसचिव पदका लागि मामिला विश्लेषण प्रस्तुतिकरण सहित Assessment Center Methodoloy (ACM) परीक्षण विधिको सुरूआत, वि.सं. २०७५ सालदेखि उपसचिव पदका लागि In Basket Exercise को सुरूआत गर्दै परीक्षण विधि र प्रविधिमा आयोगले निरन्तर सुधार गर्दै आएको छ। विभिन्न अध्ययन, अनुसन्धान र अनुभवका आधारमा  परीक्षण  प्रविधि र पाठ्यक्रममा समयसापेक्ष सुधारको क्रम निरन्तर जारी रहेको छ।

उत्तरपुस्तिका परीक्षण प्रणालीलाइ थप विश्वसनीय बनाउन सहसचिव/उपसचिव वा सो सरहका पदहरूका उत्तरपुस्तिकाको दुईजना विज्ञवाट अलग-अलग रूपमा दोहोरो परीक्षण गर्ने, शाखा अधिकृत वा सो सरह र सोभन्दा माथिका पदको उत्तरपुस्तिका तथा सङ्गठित संस्थातर्फका नवौं तह र सोभन्दा माथिका पदका परीक्षाका उत्तरपुस्तिका आयोगमा नै विज्ञद्वारा परीक्षण गराउने पद्दतिको विकास गरिएको छ।

**सम्माननीय  कार्यवाहक राष्ट्रपतिज्यू,**

पाठ्यक्रम र परीक्षण पद्दतिमा सुधारका लागि आयोगका माननीय सदस्यको अध्यक्षतामा परीक्षण प्रविधि सुधार सुझाव समिति गठन गरी अध्ययनको कार्य भैरहेको छ। समितिवाट प्राप्त सुझावका आधारमा पाठ्यक्रम र परीक्षण प्रणालीलाई समयसापेक्ष बनाइनेछ। सिफारिस भएको उम्मेदवारले कार्यक्षेत्रमा सकारात्मक नतिजा प्राप्त गर्नका लागि आवश्यक पर्ने क्षमता, सीप, व्यवहार, नैतिकता र सामूहिक व्यवहारको समग्र परीक्षण गर्ने गरी छनोट परीक्षा प्रणालीमा सुधार गर्नेतर्फ आयोग अगाडि बढेको छ।

आयोगबाट सुरक्षा निकाय तथा अन्य  सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड ,२०७९  स्विकृत गरी कार्यान्वयनमा ल्याए पश्चात आयोगबाट  परीक्षा सञ्चालन गरिने पाठ्यक्रमलाई समयसापेक्ष र थप व्यवहारिक  बनाउन यो वर्षलाई पाठ्यक्रम निर्माण तथा परिमार्जन वर्षका रुपमा अभियानका साथ लिईएको छ। यस आर्थिक वर्षमा निजामतीतर्फका विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी, तह र पदका जम्मा २ सय १३ ओटा पाठ्यक्रम परिमार्जन  र राष्ट्रिय मानव अधिकार सेवाको एक पाठ्यक्रम नयाँ निर्माण गरिएका छन्। स्वास्थ्य सेवा र अन्य सेवाका तीनओटा नयाँ  पाठ्यक्रम निर्माणको  चरणमा रहेका छन्। सुरक्षा निकाय र सङ्गठित संस्थातर्फ विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी, तह र पदका लागि तीनओटा सुरक्षा निकायका १० ओटा तथा  सङ्गठित संस्था १० तर्फ  २ सय  ५९ गरी जम्मा २ सय ६९ ओटा  पाठ्यक्रम नयाँ निर्माण गरिएको छ।

सङ्गठित संस्थाहरूको पदपूर्ति सम्बन्धी कार्यलाइ थप गुणस्तरीय, छरितो र मितव्ययी वनाउनका लागि संस्थाको कार्यप्रकृति समेतका आधारमा एकीकृत परीक्षा प्रणाली अवलम्बन गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्न र के कस्ता संगठित संस्थाहरूमा आयोगको कुन हदसम्मको संलग्नता हुनुपर्ने हो भन्ने समेतका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न आयोगका माननीय सदस्यको संयोजकत्वमा विज्ञ सहितको समिति गठन भै यसले प्रतिवेदन समेत पेश गरी सकेको छ। प्रतिवेदनमा उल्लेखित सुझावको आधारमा परीक्षा पद्दतिमा सुधार गर्ने सोच रहेको छ।

विश्वविद्यालय सेवा आयोगको सदस्यका रूपमा आयोगको भूमिका व्यवस्थित गर्न विश्वविद्यालयको स्वायत्ततालाई सम्मान गर्दै विश्विवद्यालयको अनुरोधमा परीक्षा प्रणालीमा आयोगको भूमिकालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिएको छ। यसवाट विश्वविद्यालयको जनशक्ति छनौटमा प्रतिस्पर्धा र योग्यता प्रणाली प्रवर्द्धन हुने तथा उच्च शिक्षामा थप गुणस्तर कायम भै जनविश्वास अभिवृद्धि हुने विश्वास लिईएको छ।

**सम्माननीयज्यू,**

नेपालको संविधानले प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरे अनुसार प्रदेश कानून बमोजिम उक्त आयोगहरू क्रियाशिल रहेका छन्। प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ सङ्घीय संसदबाट जारी भैसकेको छ भने सोही सङ्घीय कानूनद्वारा निर्धारित सिद्धान्त र मापदण्ड बमोजिम सवै प्रदेश लोक सेवा आयोगहरूका कामकारवाही सुनिश्चित हुन आवश्यक छ। यसै सन्दर्भमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको छ। यस वर्ष कर्णाली प्रदेशको सुर्खेतमा समेत गरी हालसम्म यस्ता ४ वटा राष्ट्रिय सम्मेलनहरू सम्पन्न गरिएको छ। यस्ता सम्मेलनहरुमार्फत लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता, पद्दति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अबलम्बन गर्न गराउनेतर्फ सकारात्मक भूमिका निर्वाह गरिएको छ।

निजामती सेवाका मूल्य मान्यता र सिद्धान्तको उद्बोध गर्ने सङ्घीय निजामती सेवा ऐन जारी हुन नसक्दा संघ, प्रेदश र स्थानीय तहका कर्मचारी व्यवस्थापनमा कठिनाई परेकाले शीघ्र जारी गर्न नेपाल सरकार लगायत सम्बद्ध निकायमा ध्यानाकर्षण गराउँदछु। सङ्घीय निजामती सेवा तथा अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा सुधार गर्नुपर्ने लगायत आयोगले आवश्यक देखेका अन्य विषयमा प्रत्येक वर्ष आयोगले वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकारलाई दिएको सुझाव कार्यान्वयन गर्न म विशेष अनुरोध गर्दछु।

**सम्माननीय ज्यू,**

यस वर्षको वार्षिकोत्सवको उपलक्ष्यमा रक्तदान कार्यक्रमका साथै अन्तरसंवैधानिक निकाय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरिएको छ। गत वर्ष भन्दा थप रुपमा यस वर्ष आयोगका कर्मचारीहरुबिच ब्याडमिन्टन प्रतियोगिता पनि सञ्चालन गरिएको थियो। यस्ता कार्यक्रमहरूवाट कर्मचारीका वीचमा आपसी परिचय, भ्रातृत्व र सहकार्यको भावना वृद्धि भै लक्ष्य प्रासिमा समन्वयात्मक सहयोग हुनुको साथै आयोगको मूल उद्देश्य योग्यता, निष्पक्षता र स्वच्छताको प्रवर्द्धनमा समेत योगदान पुग्ने विश्वास लिइएको छ। हाजिरीजवाफ प्रतियोगितामा विजयी टोली र सहभागी टोली, ब्याडमिन्टन प्रतियोगितामा विजयी र सहभागी टोलीका साथै

आयोगबाट यस वर्ष पुरस्कृत कर्मचारीलाई हार्दिक वधाई र रक्तदान गर्नुहुने कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा पनि यसरी आयोजना गरिने अतिरिक्त क्रियाकलापमा सहभागिताको अपेक्षा सहित थप सफलताको शुभकामना व्यक्त गर्दछु। साथै हाजिरीजवाफ प्रतियोगिता सञ्चालनमा सहयोग गर्नुहुने पूर्व सचिव श्री शंकर पाठकलाई धन्यवाद व्यक्त गर्दछु। आयोगको वार्षिकोत्सव कार्यक्रममा आयोगको अनुरोध अनुसार परिसम्वाद तथा अन्तरसम्वाद कार्यक्रममा सहभागी हुनुहुने महानुभावहरुप्रति आभार प्रकट गर्दछु।

हाम्रा अग्रज पदाधिकारीलाई सम्मानित गर्ने क्रममा यस वर्ष हामीले आयोगका पूर्व सदस्य प्रा.डा. भीमदेव भट्टज्यूलाई सम्मान गर्ने निर्णय गरेका छौं। उहाँको आगामी जीवन सक्रिय, स्वस्थ र सफलताका साथ वितोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

विगतका सफलताप्रति गौरवबोध गर्दै, कमजोरीवाट सिक्ने एवम् वर्तमान र भविष्यका आवश्यकताहरूको पहिचान गर्दै आगामी कार्ययोजना निर्माण गर्न सकिएमा मात्र वार्षिकोत्सवले सार्थकता पाउने हुँदा आयोगको वर्तमान पद्दतिलाइ मजवुत बनाउन निरन्तर क्रियाशिल रही आगामी दिनमा सुधारका कार्य थप अगाडी वढाउँदै लैजाने प्रतिवद्दता जाहेर गर्दछौं।

लोक सेवा आयोगको कार्यसम्पादनलाई सहज वनाउन सहयोग गर्ने नेपाल सरकारका निकायहरु, सुरक्षा निकायहरु, विद्यालय/ विश्वविद्यालयहरु, सार्वजनिक संस्थाहरु प्रति आयोग हार्दिक आभार प्रकट गर्दछु। आयोगको काममा आफ्नो विज्ञताद्वारा अतुलनीय योगदान दिने 'लोक सेवा आयोगका मित्र÷ सम्पूर्ण विषय विज्ञ वा दक्षहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, यो कार्यक्रम सफल बनाउन विभिन्न समितिको संयोजक भै निरन्तर खट्ने आयोगका माननीय सदस्यज्यूहरु, सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई पनि म धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूको गरिमामय उपस्थिति प्रति पुनः हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै अन्य सम्पूर्ण विशिष्ट व्यक्तित्वप्रति उपस्थितिको लागि पुनः एकपटक हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद !**

## अनुसूची-५

**(लोक सेवा आयोगका माननीय सद्स्य मञ्जु कुमारीज्यूले गर्नु भएको धन्यवाद ज्ञापन मन्तव्य)**

लोक सेवा आयोगको ७४ औ वार्षिकोत्सव कार्यक्रमका प्रमुख अतिथि सम्माननीय कार्यवाहक उपराष्ट्रपतिज्यू
यस कार्यक्रमका सभापति एवं लोक सेवा आयोगका माननीय अध्यक्षज्यू
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु
नेपाल सरकारका मुख्य सचिवज्यू
संवैधानिक निकायका माननीय सदस्य तथा पदाधिकारीज्यूहरु
अन्य आयोगका प्रमुखहरु
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू
नेपाल सरकारका सचिवज्युहरु, सुरक्षा निकायका प्रमुखज्यहरु
लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरु तथा पूर्व पदाधिकारीज्यूहरु
आमन्त्रित विशिष्ट अतिथिज्यूहरु, सञ्चारकर्मी मित्रहरु,
भद्र महिला तथा सज्जनवृन्द सबैमा हार्दिक अभिवादन

लोक सेवा आयोगद्वारा आयोजित ७४ औ वार्षिकोत्सव समारोहमा आफ्नो कार्य व्यवस्तताका बावजुद पनि हाम्रो अनुरोधलाई स्वीकार गरी प्रमुख आतिथ्यता ग्रहण गरी यस कार्यक्रमको गरिमा बढाइ दिनुका साथै निर्देशन सहित सारगर्भित मन्तव्यका लागि सम्माननीयज्यूप्रति आयोगका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु।

प्रत्येक वर्ष आषाढ १ गते मनाइने लोक सेवा आयोगको यस विशेष समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भै कार्यक्रमलाई भव्यता प्रदान गरिदिनु भएकोमा संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु, महान्याधिवक्ताज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यूलाई धन्यवाद व्यक्त गर्न चाहन्छु। यसैगरी हाम्रो निमन्त्रणालाई स्वीकार गरी यहाँ उपस्थित संवैधानिक निकायका माननीय सदस्यज्यूहरु, नेपाल सरकारका सचिवज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, लोक सेवा आयोगका पूर्व अध्यक्ष एवं सदस्यज्यूहरु, आमन्त्रित विशिष्ट महानुभावहरु लगायत सञ्चारकर्मीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

आयोगले ७४ औ वार्षिकोत्सवको अवसरमा अन्तर संवैधानिक आयोग हाजिरीजवाफ प्रतियोगिताको व्यवस्थापन र सञ्चालनमा प्रत्यक्ष संलग्न भई सहयोग गर्नुहुने पूर्व सचिव शंकरप्रसाद पाठकज्यू प्रति आयोग आभार व्यक्त गर्दछ त्यसैगरी वैडमिन्टन, हाजिरीजवाफ र रक्तदान कार्यक्रममा सहभागी भई आयोगको वार्षिकोत्सवलाई सफल बनाई दिनुभएकोमा सहभागी सबैलाई समेत धन्यवाद व्यक्त गर्न चाहन्छु।

लोक सेवा आयोगको ७४ औ वार्षिकोत्सवको अवसरमा यस आयोगका पूर्व माननीय सदस्य भिमदेव भट्ट प्रति हार्दिक बधाई व्यक्त गर्न चाहन्छु यसैगरी हाजिरीजवाफ, वैडमिन्टन प्रतियोगितामा सहभागी भई विजयी हुनु हुने सम्पूर्ण टीमलाई यस अवसरमा हार्दिक बधाई व्यक्त गर्न चाहन्छु।

७४ औ वार्षिकोत्सव सफल बनाउन प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न हुनुहुने विभिन्न सरकारी निकाय, सुरक्षा व्यवस्थापनमा खटिनु हुने सुरक्षा निकाय, प्रसारप्रचारमा संलग्न सञ्चार सम्बन्धि निकाय लगायत आयोगका पदाधिकारी आयोगका सम्मूर्ण कर्मचारीलाई समेत धन्यवाद व्यक्त गर्न चाहन्छु।

अन्तमा सम्माननीयज्यूप्रति पुन एक पटक आभार व्यक्त गर्दै उपस्थित सम्पूर्ण आमन्त्रित विशिष्ट महानुभावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरो मन्तव्य यही अन्तय गर्दछु।

**धन्यवाद**

## अनुसूची-६

### (लोक सेवा आयोगका सचिव श्री राजकुमार श्रेष्ठज्यूले गर्नुभएको स्वागत मन्तव्य)

लोक सेवा आयोगको ७४ औं वार्षिक उत्सव समारोहका प्रमुख अतिथि सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू,
लोक सेवा आयोगका माननीय अध्यक्षज्यू,
सबै संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू,
लोक सेवा आयोगका निवर्तमान एवम् पूर्व अध्यक्षज्यूहरु,
श्रीमान प्रमुख सूचना आयुक्तज्यू,
नेपाल सरकारका श्रीमान् मुख्य सचिवज्यू,
नेपाली सेनाका प्रधान सेनापतिज्यू,
लोक सेवा आयोगका माननीय सदस्यज्यूहरु,
लोक सेवा आयोगका पूर्व सदस्यज्यूहरु
सङ्घीय संसदका श्रीमान् महासचिवज्यू,
नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरू,
लोक सेवा आयोगका पूर्व सचिवज्यूहरु
नेपाल प्रहरी, सशस्त्र प्रहरी, बल नेपालका महानिरीक्षकज्यूहरु एवम् राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशकज्यू एंव प्रतिनिधीज्यूहरु,
काठमाण्डौ जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू,,
सञ्चारकर्मी मित्रहरू,
आयोग एवम् अन्तर्गत कार्यालयमा कार्यरत तथा सेवा निवृत्त सम्पूर्ण कर्मचारी साथीहरु
लोक सेवा आयोगको अनुरोध एवम् आग्रह र निमन्त्रणालाई स्वीकार गरी यस वार्षिक उत्सव कार्यक्रममा पाल्नुहुने सम्पूर्ण अतिथि महानुभावहरू,

आज हामी लोक सेवा आयोगको ७४ औं वार्षिक उत्सव मूल समारोहको कार्यक्रममा छौं। वार्षिक उत्सवको यस सुखद अवसरमा हामी माझ सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूको गरिमामय समुपस्थिती भएको छ। सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यमा सम्पन्न हुन गइरहेको यस कार्यक्रममा आयोगको निमन्त्रणालाई स्वीकार गरी विभिन्न निकायहरुबाट विशिष्ट महानुभावहरुको समेत उपस्थिति भैसकेको छ। आयोगको ७४ औं वार्षिक उत्सवको यस अवसरमा सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू एवम् विशिष्ट महानुभावहरुको गरिमामय उपस्थितिले हामी लोक सेवा आयोग परिवारलाई अत्यन्त हौसला र गौरवको अनुभूति भएको छ। यस कार्यक्रममा समय उपलब्ध गराई प्रमुख आतिथ्य ग्रहण गरिदिनु भएकोमा सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूप्रति म आयोग परिवारको तर्फबाट हार्दिक कृतज्ञता सहित स्वागत अभिवादन व्यक्त गर्दछु। यसैगरी सबै संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु, राष्ट्रिय सूचना आयोगका श्रीमान प्रमुख सूचना आयुक्तज्यू, लोक सेवा आयोगका पूर्व पदाधिकारीज्यूहरु, नेपाल सरकारका श्रीमान मुख्य सचिवज्यु एवम् सचिवज्यूहरु, आयोगका सेवा निवृत्त सचिवज्यूहरु तथा विशिष्ट श्रेणीका अधिकृतज्यूहरु, सबै सुरक्षा निकायका प्रमुख एंव प्रतिनिधीज्यूहरु, काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू, सञ्चारकर्मी मित्रहरु,

लोक सेवा आयोगका सेवा निवृत्त कर्मचारी मित्रहरु लगायत सम्पूर्ण अतिथि महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु। आयोगको आफ्नै सभाहलमा सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू लगायत महत्त्वपूर्ण अतिथि महानुभावहरुलाई स्वागत गर्ने अवसर प्राप्त भएकोमा हामीलाई खुशी, हौसला एवम् सुखानुभूति भएको व्यहोरा पुनः सविनय निवेदन गर्दछु।

लोक सेवा आयोगले योग्यता, निष्पक्षता र स्वच्छतालाई आफ्नो कार्यसम्पादनको मूल मर्म एवम् आधारको रुपमा आत्मसात गरी आयोगलाई प्राप्त संवैधानिक जिम्मेवारी निर्वाह गर्दै आईरहेको व्यहोरा यहाँहरुमा अवगत नै रहेको छ। सात दशकभन्दा लामो अवधिदेखिको स्थापित मूल्य मान्यताका आधारमा व्यवस्थित एवम् विश्वसनीय कार्यप्रणाली, कार्यविधि एवम् कार्यपद्धतिबाट आयोगले उच्च रुपमा जनविश्वास आर्जन गरेको छ। आयोगको कार्यसम्पादनमा परिपक्वता र उत्कृष्टता समेत हाँसिल भएको विद्यमान अवस्था छ। यो दिवस लोक सेवा आयोगको स्थापना दिवस मात्र नभै सरकारी सेवाका लागि योग्यता ,निश्पक्षता, स्वच्छता र प्रतिश्पर्धाका आधारमा उपयुक्त उम्मेदवार छनौट गर्ने र निजामती/सरकारी कर्मचारीहरुको अविभावकत्व लिने र संरक्षण गर्ने जिम्मेवारी समेत भएको आयोगको स्थापना दिवस हो। समस्त सरकारी सेवामा सेवारत तथा सेवा निवृत्त कर्मचारीका साथै सरकारी सेवामा प्रवेश गरेर राष्ट्रको सेवा गर्ने आकांक्षा राख्ने सम्पूर्णका लागि योग्यता, निश्पक्षता र स्वच्छताको अबलम्बन गर्ने निकायको स्थापना भएको यस दिनलाई ऐतिहासिक र महत्वपूर्ण दिनका रुपमा हामी सबैले लिएका छौं। हामी सबैले सदैव आ-आफ्नो तह र तप्काबाट आयोगको स्थापित मूल्य मान्यतामा क्षयीकरण हुन नदिई यस आयोगले आर्जन गरेको जनविश्वासलाई अक्षुण्ण राख्दै कार्यसम्पादनमा निरन्तरता गरी थप परिपक्वता र उत्कृष्टता हाँसिल गर्नु आवश्यक रहेको छ। संवैधानिक व्यवस्था बमोजिम आयोगको जिम्मेवारी तथा कार्यक्षेत्रमा भएको व्यापक विस्तार एवम् बढोत्तरीमा समेत साविक बमोजिमको जनशक्ति र स्रोत साधनको परिचालन गरी उत्कृष्ट एवम् विश्वसनीय रुपमा कार्यसम्पादन गर्ने कार्य थप चूनौतीपूर्ण रहेको छ। अद्यपी आयोगको निश्पक्ष स्वच्छ एवम् विश्वसनीय कार्यसम्पादनका कारण विश्वविद्यालय सेवा आयोगहरुबाट पूर्ति गर्नुपर्ने पदहरुको समेत परीक्षा सञ्चालनका लागि आयोगमा अनुरोध भई आउने गरेको र आयोगबाट सञ्चालित यस किसिमका परीक्षामा परीक्षार्थीहरुको उत्साहजनक सहभागिता पनि भएको पाइएको छ। आयोगको साख र गरिमालाई यस अवस्थासम्म ल्याई पुऱ्याउन आयोगको स्थापना कालदेखि हालसम्म महत्वपूर्ण योगदान गर्नुहुने आयोगका अग्रज सम्पूर्ण पूर्व एवम् वर्तमान पदाधिकारीज्यूहरु, कर्मचारीहरु, विषय विज्ञ एवम् दक्षहरु आयोगबाट सञ्चालन गरिने परिक्षाहरुमा परीक्षा केन्द्र उपलब्ध गराई सहयोग पुर्याउनुहुने विद्यालय/विश्विवद्यालयहरु, आयोगका सही सूचना तथा जानकारीहरुलाई सही समयमा सेवाग्राहीहरुसम्म सम्प्रेषण गरी सहयोग पुऱ्याउनुहुने सञ्चारकर्मी मित्रहरु लगायत सबैको योगदान र सहयोगलाई कदर गर्दै यस अवसरमा ससम्मान स्मरण गर्दछु र आगामी समयमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु। साथै आयोगको साख, गरिमा एवम् जनविश्वासलाई आगामी दिनमा अझै उँचो बनाउनेतर्फ हामी आयोग परिवार निरन्तर र भरमग्दुर प्रयासरत रहने सामूहिक प्रतिबद्धता समेत व्यक्त गर्दछौं।

आयोगको यस वार्षिक उत्सवको अवसरमा अन्तर संवैधानिक हाजिरीजवाफ प्रतियोगिता, रक्तदान कार्यक्रम,आन्तरिक ब्याडमिन्टन प्रतियोगिता, रेडियो नेपाल र नेपाल टेलिभिजनबाट आयोगका कामकारवाही सम्बन्धमा अन्तरसम्वाद तथा परिसम्वाद लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन। उल्लिखित कार्यक्रमहरु सम्पन्न गर्न विभिन्न निकाय तथा महानुभावहरुको महत्वपूर्ण सहयोग र सहभागिता रहेको छ।

म सम्पूर्ण कार्यक्रममा सहयोग गर्नुहुने तथा सहभागी हुनुहुने सबै निकाय तथा महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछु र आगामी दिनहरुमा समेत निरन्तर सहयोग र सहभागिताका लागि अनुरोध पनि गर्दछु।

अन्त्यमा, यस वार्षिक उत्सव कार्यक्रममा प्रमुख अतिथिको रुपमा गरिमामय उपस्थितिका लागि सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूमा हार्दिक आभार तथा कृतज्ञता सहित पुनः स्वागत अभिवादन गर्दछु। साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी आयोगको यस ७४ औं वार्षिक उत्सव समारोहको कार्यक्रममा पाल्नुहुने सम्पूर्ण विशिष्ट अतिथि महानुभावहरुबाट आयोगको कार्यसम्पादनलाई रचनात्मक र प्रभावकारी बनाउने सम्बन्धमा सदैव साथ, सहयोग र सुझावको अपेक्षा सहित पुनःस्वागत अभिवादन गर्दछु र विदा हुन्छु। धन्यवाद। नमस्कार।

# प्रेस विज्ञप्ती

लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरूको आयोजना गरी सम्पन्न भएको छ । आयोग स्थापना भएको दिन वि.सं. २००८ साल असार १ गतेको सम्झनामा २०८१ साल असार १ गते आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीमा वार्षिकोत्सव मूल समारोहको कार्यक्रम सम्माननीय कार्यवाहक राष्ट्रपति श्री रामसहाय प्रसाद यादवज्यूको प्रमुख आतिथ्यता र आयोगका माननीय अध्यक्षको अध्यक्षतामा विभिन्न संवैधानिक निकायका प्रमुखहरू, नेपाल सरकारका मुख्य सचिव, आयोगका पूर्व अध्यक्ष एवम् सदस्यहरू, आयोगका पूर्व सचिवहरू, आयोगका कर्मचारीहरूको उपस्थितिमा सञ्चालन गरिएको थियो । कार्यक्रमको समुद्घाटन सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूले पानसमा दिप प्रज्वलन गरी गर्नु भएको थियो । कार्यक्रममा सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूबाट निर्देशन तथा मार्गदर्शन मन्तव्य व्यक्त गर्ने क्रममा नेपालकै जेठो संवैधानिक निकायका रुपमा रहेको लोक सेवा आयोगको ७४औं वार्षिकोत्सवको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रुपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले ७३ वर्षयता आफ्नो मूल सिद्धान्त योग्यता, निष्पक्षता र स्वच्छतालाई प्रमुख आधार मान्दै कार्यसम्पादन गर्न सफल भएकोमा आयोगको प्रशंसा गर्नुभयो । उहाँले आयोगले सदैव वर्तमान पुस्ता प्रति न्याय र भविष्यका पुस्ता प्रतिको आशा र भरोसाको केन्द्रका रुपमा यसरी नै आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्न सक्नु पर्ने कुरामा जोड दिंदै कर्मचारी भर्ना र छनौट समग्र प्रशासन संयन्त्रको जग भएकोले गलत भर्ना नीति र प्रक्रियाले प्रशासनिक संगठनभित्र स्थायी खराबीहरु प्रवेश गर्न सक्नेतर्फ सजग रहँदै आयोगले यसलाई निरुत्साहित गर्न योग्यताका सबै तत्वहरु पूर्वानुमेयता हुने गरी आफ्नो परीक्षण विधिहरुमा समयसापेक्ष सुधार गर्न जरुरी रहेको उल्लेख गर्नुभयो । आयोगका माननीय अध्यक्ष श्री माधवप्रसाद रेग्मीले आफ्ना मन्तव्यका क्रममा आयोगले नेपालको संविधान, सेवा, समूह, उपसमूह सञ्चालनसँग सम्बन्धित कानुन, सम्बन्धित सुरक्षा निकाय तथा संगठित संस्थाहरुसँग सम्बद्ध कानुन समेतका आधारमा आफ्नो कार्य सम्पादन गर्दै आएको, कानुनी व्यवस्था बमोजिम विभिन्न समितिमा आयोगको प्रतिनिधित्व रहेको, आयोगबाट सुरक्षा निकाय तथा अन्य सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याए पश्चात आयोगबाट परीक्षा सञ्चालन गरिने पाठ्यक्रमलाई समयसापेक्ष र थप व्यवहारिक बनाउन यो वर्षलाई पाठ्यक्रम निर्माण तथा परिमार्जन वर्षका रुपमा अभियानका साथ लिईएको, प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको र यस्ता सम्मेलनहरुमार्फत लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता, पद्दति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अबलम्बन गर्न गराउनेतर्फ सकारात्मक भूमिका निर्वाह गरिएको उल्लेख गर्नुभयो । उहाँले निजामती सेवाका मूल्य, मान्यता र सिद्धान्तको उद्घोष गर्ने सङ्घीय निजामती सेवा ऐन जारी हुन नसक्दा संघ, प्रदेश र स्थानीय तहका कर्मचारी व्यवस्थापनमा कठिनाई परेकाले शीघ्र जारी गर्न नेपाल सरकार लगायत सम्बद्ध निकायमा ध्यानाकर्षण गराउँदै सङ्घीय निजामती सेवा तथा अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा सुधार गर्नुपर्ने लगायत आयोगले आवश्यक देखेका अन्य विषयमा प्रत्येक वर्ष आयोगले वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकारलाई दिएको सुझाव कार्यान्वयन गर्न विशेष जोड दिनु भयो । सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूको आगमनसँगै राष्ट्रिय गानबाट सुरू गरिएको कार्यक्रममा स्वागत मन्तव्य आयोगका सचिव श्री राजकुमार श्रेष्ठले राख्नु भएको थियो ।

कार्यक्रममा आयोगको योग्यता प्रणाली प्रवर्धन गर्न सहयोग पुऱ्याउनु भएकोमा आयोगका पूर्व सदस्य प्रा.डा. भिमदेव भट्टलाई दोसल्ला ओढाई प्रमाणपत्रका साथ सम्मान गरिएको थियो । यसैगरी आयोगमा आ.व. २०८०/८१ मा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने क्रममा आयोगको केन्द्रीय कार्यालयका शाखा अधिकृत श्री

भरत थापा र नायब सुब्बा श्री ऋषिराम धिताल र आयोगको जलेश्वर कार्यालयका कार्यालय सहयोगी श्री सुरेश साहलाई दोसल्ला र प्रमाणपत्रका साथ सम्मान गरिएको थियो । आयोगको सूचना प्रविधिको क्षेत्रमा उल्लेख्य कार्य गरी आयोगको गरिमा अभिवृद्धि गर्न योगदान पुर्याएवापत आयोगको केन्द्रीय कार्यालयका कम्प्युटर अपरेटर श्री शान्तिमाया खतिवडालाई दोसल्ला र प्रमाणपत्रका साथ सम्मान गरिएको थियो । सम्मानित हुने आयोगका पूर्व पदाधिकारी र कर्मचारीहरूलाई सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूबाट सम्मान र प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रमको अन्त्यमा आयोगका माननीय सदस्य श्री मन्जू कुमारीले कार्यक्रममा उपस्थित हुनुभएकोमा प्रमुख अतिथि सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू, आमन्त्रित विशिष्ट पदाधिकारीहरू लगायत वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्न सहयोग पुर्याउने सबैलाई धन्यवाद मन्तव्य दिनु भएको थियो ।

आयोगको वार्षिकोत्सव मनाउने क्रममा अन्तरसंवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगिता, आयोगमा कार्यरत कर्मचारीहरुबीच आन्तरिक ब्याडमिन्टन प्रतियोगिता, रक्तदान कार्यक्रम, रेडियो नेपालमा अन्तर संवाद र परिसंवाद कार्यक्रम, नेपाल टेलिभिजनमा परिसंवाद कार्यक्रम, गोरखापत्रमा विशेषांक प्रकाशन लगायतका कार्यक्रम सञ्चालन गरिएको छ । २०८१ साल जेठ २९  र ३० गते आयोगमा कार्यरत कर्मचारीहरुबीच आन्तरिक ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरिएको थियो । प्रतियोगितामा जम्मा ९ वटा समूहको सहभागिता रहेको थियो । प्रतियोगितामा आयोगका उपसचिव (तथ्याङ्क) श्री अर्जुनप्रसाद रेग्मी र प्रहरी कर्मचारी श्री नरबहादुर बोगटीको समूह प्रथम, शाखा अधिकृत श्री योगराज पौडेल र शाखा अधिकृत श्री श्यामकुमार राईको समूह द्वितीय र सिनियर कम्पोजिटर श्री भाष्कर पौडेल र कम्प्युटर अपरेटर श्री लोकेन्द्र थापा मगरको समूह तृतीय भएको थियो । बिजयी समूहहरुलाई आयोगका अध्यक्ष, सदस्य र सचिवबाट मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो । २०८१ साल जेठ ३० र ३१ गते लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरीमा सञ्चालन गरिएको अन्तर संवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगितामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय समावेशी आयोग र मधेसी आयोग र राष्ट्रिय दलित आयोगका गरी कूल आठ ओटा समूह सहभागी भएका थिए । २०८१ साल जेठ ३० गते छनोट चरणको प्रतिस्पर्धाबाट ४ समूह अन्तिम प्रतिस्पर्धाको लागि छनोट भई उक्त समूहहरूबीच २०८१ साल जेठ ३१ गते सञ्चालन गरिएको अन्तिम प्रतिस्पर्धामा निर्वाचन आयोगको समूह प्रथम, राष्ट्रिय समावेशी आयोगको समूह दोस्रो, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समूह तेस्रो भएको थियो । प्रतिस्पर्धामा विजेता निर्वाचन आयोगको समूहलाई आयोगका अध्यक्ष एवम् सदस्य र सचिवबाट ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो भने प्रतिस्पर्धामा दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने समूहलाई मेडल र प्रमाणपत्र वितरण गरिएको थियो । यस कार्यक्रमले संवैधानिक निकायहरूवीचको आपसी सुसम्बन्ध प्रगाढ बनाउने, कर्मचारीहरूले अध्ययनमा निरन्तरता दिई ज्ञानको दायरा बढ्ने विश्वास लिइएको छ । यसै गरी २०८१ साल जेठ ३२ गते विश्व रक्तदान दिवसको अवसरमा आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीको प्राङ्गणमा आयोजना गरिएको रक्तदान कार्यक्रममा आयोगमा कार्यरत र अन्य गरी जम्मा २८ जना बाट रक्तदान गरिएको थियो ।

वि.सं. २०८१ साल जेठ ३२ गते प्रसारित नेपाल टेलिभिजनको परिसंवाद कार्यक्रममा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मी, आयोगका पूर्व अध्यक्ष डा. कयोदेवी यमी र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक डा. राजन खनालले आयोगका काम कारबाही र आगामी कार्यदिशाका बारेमा सुसुचित गराउनु भएको थियो । साथै २०८१ साल असार १ गते रेडियो नेपालमा आयोगका गतिविधिसँग केन्द्रित रही परिसंवाद कार्यक्रम प्रसारण गरिएको थियो । यस कार्यक्रममा आयोगका माननीय सदस्य श्री माधव बेल्बासे, वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला र राष्ट्रिय समाचार समितिका अध्यक्ष एवम् वरिष्ठ पत्रकार श्री धर्मेन्द्र झा वक्ता हुनुहुन्थ्यो । २०८१ साल असार १ गते विहान रेडियो नेपालमा लोक सेवा आयोगसँग सम्बन्धित विषयमा आयोगका माननीय सदस्य श्री वीरबहादुर राई अन्तरसंवाद कार्यक्रममा सहभागी हुनु भएको थियो । यसैगरी, २०८१ साल असार १ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा लोक सेवा आयोगसँग सम्बन्धित सामग्री प्रकाशन भएको थियो ।

गीताकुमारी होमेगाई

सहसचिव/प्रवक्ता

२०८१ साल असार १ गते, शनिवार

कमलपोखरी, काठमाडौं

**लोक सेवा आयोगका मुख्य मनोविज्ञानवेता डा. खगेन्द्र प्रसाद सुवेदीले बार्षिकोत्सवको अवसरमा गोरखापत्रमा प्रकाशन गर्नु भएको लोक सेवा आयोग सम्बन्धी लेखः**



<u>**लोक सेवा आयोग आधुनिकतातर्फ उन्मुख :**</u>

नेपाल सरकारको वैधानिक कानुन, २००४ मा सरकारी नोकरीका लागि उम्मेदवारहरुको दरखास्त आएमा योग्यता वा ल्याकत जाँचबुँझ गरी सरकारमा सिफारिस गर्न दरखास्त परिषदको व्यवस्था भएको देखिन्छ। वि.सं. २००७ सालको प्रजातन्त्र पश्चात नेपालको अन्तरिम शासन विधान, २००७ मा व्यवस्था भए अनुसार वि.सं. २००८ साल असार १ गते सर्वप्रथम नेपाल पब्लिक सर्भिस कमिसनको नामबाट स्थापना भएको र बि.स २०१५ सालको नेपाल अधिराज्यको संबिधान देखि यसको नाम लोक सेवा आयोग नेपाली नाम रहेको छ र त्यसपछि बनेका सबै संविधानहरुमा लोक सेवा आयोग एक संवैधानिक निकायको रुपमा रहिरहेको छ।

बर्तमान नेपालको संविधान भाग २३ मा लोक सेवा आयोग र यसको काम कर्तव्य र अधिकार बारे व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा २४३(२) मा उल्लेख गरिएको जिम्मेवारी अनुसार आयोगले निजामती सेवाका पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ भनिएको छ। "संगठित संस्था" भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग वाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्दछ भनिएको छ।

लोक सेवा आयोगको परीक्षाको विषयपूर्व परीक्षा संचालनको इतिहासको सन्दर्भ थोरै उल्लेख गरौ। लिखित परीक्षा प्रणालिको ईतिहासलाइ हेर्ने हो भने संसारमा नै चीन पहिलो देश देखिन्छ, नोकरशाही परीक्षा (The bureaucratic imperial examinations)को सुरुवात सन् ६०५ मा सुई राजवंशको समयमा भएको पाइन्छ। त्यस पछि त्यही पद्धतिको अबधारणालाइ अनुसरण गर्दै बेलायतले पहिलो परिक्षण आफ्नो उपनिवेश भारतमा र त्यसपछि बेलायतमा सन् १८८३ मा सुरु गरेको पाइन्छ भने नेपालमा सन् १९५१ बाट सुरु गरियो | तथापी कर्मचारी छनौट भने संविधानपूर्व पनि विभिन्न आधार विशेषगरी जात थरमा रहेका विशिष्ठ चरित्र र गुणको आधार लिएर नेपालमा गरेको पाईन्छ।

नेपालको सन्दर्भमा पृथ्वीनारायण शाहले नेपाल एकिकरण गर्दाको वखत सेनाको तयारी गरेका थिए। त्यसमा उनले भाइभारदारलाई दिव्योपदेश दिदा छनौटका लागि केही जातहरुलाई सिफारिस गरेको पाइन्छ जसमा लडाका जातको रुपमा "खस, मगर, गुरुङ्ग र ठकुरी मिलाएर सेनामा भर्ना गर्नु यी चार जातबाट बैरी (शत्रु) त के इन्द्रको आसन पनि डग्मगाउदछ" भनेका छन्। अनजानलाई ठूलो पद नदिनु, पुराना सेवकहरुलाई आफ्नो निकटमा राख्नु, पाँडे, बस्नेत, पन्त, मैयाद, मगरलाई आलोपालो गरी पद दिनु भनि त्यसवेला काम, जात र थरमा भएका विशेष गुण एवं स्वभाव र पृष्ठभूमिका आधारमा पहिलो प्राथमिकतामा राखेको र अनजानलाई ठूलो अधिकार नदिनु भन्नु नै उसको गुण र स्वभावको पुष्टयाइ भई सुनिश्चित नहुन्जेल सतर्क

रहने र निगरानीमा राखिरहने भनेको हो। यसरी त्यसबेला निजामती भन्दा पनि लडाकुहरु छान्दाका बखत यसरी निर्देश गरेको पाइन्छ। किनकि त्यसबेला एउटा जात वा थरमा एउटा विशिष्ठ चरित्र अन्तरनिहित हुन्थ्यो भन्न सकिन्छ। समय, काल, परिस्थिति र चुनौतिले व्यक्ति व्यक्तिका गुणमा फराकिलो अन्तर हुँदै गयो। मान्छेले आफ्नो कार्य सिद्ध गर्न विभिन्न समयमा विभिन्न रुप देखाउन थालेको छ। एउटै प्रतिवद्धतामा रहन पनि कठिन देखिएको छ। यसैले छनौट आफैमा चुनौतिपूर्ण कार्य हो त्यसमा पनि मान्छे जस्तो प्राणि एक थोक देखिन्छ ,अर्को थोक गर्छ,अपेक्षा भन्दा बाहिरको ब्यबहार देखाउछ, नाटकीय स्वभाब देखाउन, छलकपट गर्न सक्ने यो प्राणीको परिक्षण विभिन्न किसिमबाट उसका गुण,ब्यबहारहरुलाइ जाचिनु पर्ने हुन्छ | कुनै एक प्रदर्शनले वा परिक्षणले सबै क्षेत्रको बिशेषता नझल्किन सक्ने हुनाले बहुपरिक्षणका विधिबाट बिभिन्न गुण, स्वभाब, ब्यबहार, शिपको तिब्रता (Intensity) मापन गरि संस्थाको आवश्यकतासंग दाजी वा तुलना गरि कर्मचारी छनौट गर्नु पर्ने हुन्छ |

बिगत हाम्रो आधार हो, बर्तमान हाम्रो ऐना हो भबिष्य हाम्रो गन्तब्य हो जसलाई इतिहासले मद्दत पुर्याउछ,हामीलाई सचेत गराउछ, मार्गदर्शन गर्दछ|

तत्कालिन समयमा लोक सेवा आयोग निष्पक्षताको आदर्श बोकेर स्थापना त भयो तर त्यो हिजोको भारदारी सामाजिक संस्कार बोकेको प्रबृत्ति र लोक सेवा आयोगको उद्देश्य र कार्यसंस्कार बीच कस्तो अन्तरद्वन्द भयो होला, कार्यान्वयनमा कस्तो गाह्रो थियो भन्ने विषयमा तत्कालिन आयोगका सचिव भूवनमान सिंह प्रधानले आफ्नो लेखमा उल्लेख गरेको प्रसंगबाट अनुमान गर्न सकिन्छ। वि.सं. २००७ सालको क्रान्तिपश्चात भरर्खर सर्वसाधारणहरुलाई पढ्न पाउने व्यवस्था भएपछि नेपालमा औलामा गनिनसक्ने स्नातकहरु रहेको अवस्थामा सवैलाई लिखित परीक्षा पनि कति सम्भव थियो र ? कतिपय पदमा अन्तर्वार्ताबाट मात्र पनि छनौट गरिएको इतिहास छ। विषयगत परीक्षा, तत्कालिन समयमा कामकाजमा आवश्यक पर्ने गणित, इतिहास, भूगोल र प्रशासनिक व्यवस्थाका विषयहरु राख्ने अहिलेको जस्तो धेरै विकल्प थिएन। नेपालले अन्यत्रको अभ्यासको अनुसरण गर्नु थियो, सवैभन्दा पुरानो कुटनीतिक सम्बन्ध भएको नाताले नेपालले वेलायतबाट सिकाई र सहयोग लिने काम गर्‍यो। लोक सेवा आयोगले आफ्नो स्थापनाकाल देखिनै निष्पक्षता र योग्यताक्रम कायम राख्न पद्धतिमा जोड दियो। व्यक्तिले होइन पद्धतिले छानिनु पर्दछ भन्ने लोक सेवा आयोगको मूल मन्त्र बन्यो। आयोगले स्थापनाकाल देखिनै छनौटका विभिन्न मापदण्ड र विषयहरुको क्षेत्रमा रहेर परिक्षा लिई कर्मचारी छनौट गर्न प्रारम्भ गर्यो। समय समयमा देखिएका कमिकमजोरीलाई क्रमिक रुपमा सुधार गर्दै गर्दै एक पछि अर्को विधि,पद्धति र अनुशासनका कसीहरुको पालना गर्ने विषयहरु थप्दै नयाँ नयाँ विषयहरु र क्षेत्रका सन्दर्भ परीक्षणका साधनहरु थप्ने,परिमार्जन गर्ने,कर्मचारीलाई तालिम र अध्ययन गराई संस्थालाई निष्पक्ष संस्थाको रुपमा परिचित गरायो। यो निरन्तर सुधारको कारणबाट सम्भव भएको हो।तथापी अन्तराष्ट्रिय स्तरमा प्रविधिको विकास सँग सँगै छनौटका तौर तरिकामा र व्यक्तिको सक्षमता,गुण,ज्ञान,सिप र धैर्यता जस्ता विषयको परिक्षणमा क्रमिक सुधार गर्दै जानुपर्ने हुन्छ। आयोग अब निष्पक्षताको परीक्षणलाई कायम राख्दै व्यवहारको परिक्षणमा जोड दिन नयाँ नया विधिलाई उपयोग गर्न सुरुवात गरी सो तर्फ उन्मुख भईसकेको छ। व्यक्ति कुनै विषयमा जानकार भएर मात्र हुदैन उक्त ज्ञानलाई व्यवहारमा कति विवेकपूर्ण ढंगले उतार गर्न सक्दछ, उक्त विषय महत्वपूर्ण हुन्छ। ज्ञान त पढेपछि आउँछ

व्यवहारमा प्रशोधन गरी उतार्नु उक्त ज्ञानको साथ साथ व्यवहार अझ महत्वपूर्ण हुने हुँदा त्यसको परिक्षणमा आयोगले जानुपर्दछ र त्यसतर्फ उन्मुख भएको छ। त्यसैको फलस्वरुप कर्मचारीको पद,तह,श्रेणी र सेवा,समूह अनुसारका ज्ञान र व्यवहार एवं त्यसका लागि आवश्यक पर्ने सक्षमता (कम्पिटेन्सी)को परीक्षण अपरिहार्य छ। सोहि अनुरुप आयोगले वि.स. २०६९/७० देखि उक्त कार्यलाई अगाडि बढाएको छ र पृष्ठभूमिहरु तयार पार्ने कार्यमा र केहि व्यवहारात्मक परिक्षणका विधिहरु लागू गरिसकेको छ। तिनीहरुको विषयमा केहि प्रकाश पार्नु सान्दर्भिक हुनेछ।

लोक सेवा आयोगले निजामति सेवाको लागि आधुनिक परीक्षाको रुपमा रा.प. प्रथम श्रेणिका अधिकृतका लागि अन्तर्वार्ता पूर्व मामिला प्रस्तुतिकरण राखिएको छ, जसमा उक्त सेवा र श्रेणीको पदमा रहेर सम्पादन गर्नु पर्ने,उनको जिम्मेवारीमा आउने, कार्यबिबरणमा पर्ने बिशिस्ट प्रकृतिका केश, मामिला दिने र सो बिषयमा लिखित परिक्षाबाट अंतर्बार्ताका लागि छानिएका उम्मेदवारहरुलाई निर्धारित समय तोकेर कम्प्युटरमा प्रस्तुतीकरण बनाउन लगाइन्छ | उक्त प्रस्तुतीकरण उमेदवारले मुल्यांकनकर्तासामु २५ देखि ३० मिनेट भित्रमा सबै बिषयबस्तुहरु सारभूत रुपमा प्रस्तुत गरिसक्नु पर्दछ|त्यसमा उमेद्वारको बिषयलाइ बिभिन्न कोणबाट केलाउँन सक्ने क्षमता, दुरदृष्टि,प्रस्तुतीकरणको ढाचा,प्रस्तुतिकला लगायतका बिभिन्न बिषय जो प्रायः कामको सिलशिलामा जरुरि परिरहनेहुन्छ त्यसको परिक्षण याकी क्रियात्मक पक्षको परिक्षण हुने हुन्छ| किनकी उक्त तहको कर्मचारीले आफ्नो कार्य सम्पादनको सिलसिलामा आफ्नो प्रस्तुती सटिक ढंगबाट दिनुपर्ने, वाह्यस्तरमा नेतृत्व गरेर जाँदा प्रस्तुत हुनुपर्ने, लगायतका कार्यहरुमा नीतिगततहको प्रस्तुती हुँदा मामिलाहरुको प्रस्तुती दिन आवश्यक पर्ने, रा.प. प्रथम श्रेणीको सक्षमता सर्वेक्षणको आकडाबाट पाइएको हुनाले त्यसलाई परीक्षणको रुपमा राखियो | यसैगरी रा.प.द्वितीय श्रेणीका अधिकृतका लागि दैनिकरुपमा कार्यसम्पादन गर्न बाकी रहेका कामहरुको चापलाई प्राथमिकताको कारण र त्यसको पुस्टयाइ गर्ने क्षमताको मूल्याङ्कन गर्न इन वास्केट अभ्यासलाई सुरु गरिसकेको छ। रा.प.द्वितीय श्रेणीको उपसचिव वा सो सरह तहको पदमा दैनिक विभिन्न पत्र, इमेल, फ्याक्स, टिप्पणी, आन्तरिक पत्र, निर्देशन, सम्पन्न गर्नुपर्ने टेलिफोनबाट आएका मेसेजहरुको कामकारवाही मार्फत प्रकरणहरुको जरुरीपन, मानवीयता, विशिष्टता, संवेदनशिलता, समयको सिमितता र विस्तारताका आधारमा काम कार्वाही अगाडी बढाउनु पर्ने अरुलाई परिचालन गर्नुपर्ने, आफैले सम्पादन गर्ने गराउने कार्यहरुलाई यथासमयमा नै प्राथमिकिकरण गरी औचित्यका आधारमा पुष्ट्याईसहित सम्पन्न गर्ने, गराउनु पर्ने हुन्छ। किनकी आफैले गरेका काम कार्वाहीमा जवाफदिनु पर्ने एबम जिम्मेबारिलिनुपर्ने हुनसक्छ, यसर्थ ठोस आधारमा कुन काम पहिले र पछि गर्नुपर्दछ भन्ने क्षमता र ब्यबहारिक विषयको परीक्षण उक्त इन बास्केट अभ्यासमा मार्फत गरिन्छ।

इन वास्केट अभ्यास कुनै सैध्यान्तिक बिषयको लेखपढ गरेर जान्ने  विषय होइन, यो परीक्षण सामान्यत कुनै पनि अधिकृत तहमा काम गरीसकेको व्यक्तिको आफ्नो कार्यसम्पादनको तरिकाको बारेमा जानकार र दत्तचित्त भई अधिकृत तहमा जहासुकै काम गरेको व्यक्तिका लागि एकदमै सहज विधि हो। यसमा उम्मेदवारलाई उसको काल्पनिक पद, कार्यालय र उक्त कार्यालय तथा पदले गर्नुपर्ने कामको विवरण र कार्यालयको कार्यसस्कृति पृष्ठभूमिमा एक पेज जति उल्लेख गरिएको हुन्छ साथै उसको आफ्नो शाखा/महाशाखाको संगठन संरचना र आफ्नो माथिल्लो तह र मातहतमा रहेका  कर्मचारीहरुको पद र

संख्या समेत उल्लेख गरिएको हुन्छ र कार्यस्थलमा आउदा विभिन्न प्रकरणहरुको रुपमा माथि उल्लेख गरिएका विभिन्न पत्र, इमेल, टिप्पणी आदि रहेका हुन्छन्। त्यसमा सैद्धान्तिक लेख्ने विषय केही हुँदैन। निर्देशन पनि मानक रुपमा परीक्षापूर्व नै अध्ययन गर्न दिएको हुन्छ, गर्नु पर्ने बास्केट भित्र रहेका उक्त कामहरु कुन पहिले र किन पहिला गर्ने, उक्त कार्य सम्पन्न गर्नलाई के के गर्नु पर्दछ भने कुरामात्र अथवा कसरी गर्ने भन्ने विषय मात्र निर्देशन र फर्म्याट दिए अनुसार गर्नुपर्ने हुन्छ। अरु विषयगत परीक्षाजस्तो यो अध्ययन गरेर आउने परीक्षा होइन, यो त अकल लगाउने परीक्षा हो। यो परीक्षण निर्माणकर्ता परीक्षण गर्ने सेवा, समूहको, तहका पदले गर्ने कार्यविवरणसँग परिचित हुनुपर्दछ त्यति मात्र भएर हुँदैन, उक्त तहका पदका कर्मचारीका कार्यसम्पादन गर्ने टेवलमा दैनिकरुपमा आउने व्यक्ति, विषय, समस्याका प्रकृतिहरुसँग परिचित हुनुपर्दछ यानिकि संगठनका उद्देश्य, लक्ष्य, कार्यविवरण र कार्य सस्कृति सवैसँग परिचित हुनुपर्दछ। उसले उम्मेदवारलाई वास्तविक उसका दिनचर्या एवं दैनिकीसँग मिल्दाजुल्दा विषय र समस्यामा जानकार हुनका साथै कानूनी प्रावधानहरु भए त्यो समेत सवै पृष्ठभूमिमा मूलभूत रुपमा उल्लेख गराई विषयक्षेत्रमा प्रवेश गराउनु पर्ने हुन्छ। यो परीक्षण एकदमै प्रशिक्षित विज्ञबाट मात्र गराउनुपर्ने भएकोले अन्य परीक्षण भन्दा केहि बिशिष्ठ प्रकृतिको रहेको छ। यो परीक्षा सिमित व्यक्तिहरुमा मात्र लागु गर्न उचित हुन्छ |यसर्थ यसको परीक्षा विभिन्न चरणका परीक्षाहरु समाप्त भइसकेपछि अन्तर्वार्ताको चरणमा पुगेका सिमित उम्मेदवारहरुलाई लिइने गरिन्छ। यो विधि व्यक्तिको विभिन्न क्षमताको परीक्षण गर्न र कार्यसम्पादन शैली र विषयको गाम्भिर्यता पहिल्याउन सक्ने व्यक्तिको तुलना गर्न अति नै उत्तम परीक्षणको रुपमा लिइन्छ। विज्ञहरुले यसलाई अहिले सम्मकै उत्कृष्ट परीक्षण सामाग्रीको रुपमा लिएको पाइन्छ। यसर्थ समय सापेक्ष विश्व परिवेशसँग सामना गर्न सक्ने जनशक्ति छनौट गर्न सैद्धान्तिक ज्ञानका साथै बढी व्यवहारात्मक पक्षको परीक्षण गर्नु आजको अपरिहार्यता र सेवाग्राहीको माग अनुकुल हुन्छ। तटस्थता, निष्पक्षताका साथै व्यवहारको परीक्षणमा जोड दिदै जानुले योग्यता प्रणालीको कदर हुन्छ।

अन्तर्राष्ट्रिय परीक्षाका विधिहरुमा अपनाइएका केही वैज्ञानिक विधिहरुलाई समेत अवलम्बन गरी सुरुमा आइ.क्यू. परीक्षा, समूह योजना, सामुहिक छलफल, मौजुदा लेखन जस्ता विषयहरु समेत परीक्षाको रुपमा प्रवेश गराइयो। अन्तर्वार्ताबाट लिने, वस्तुगत परीक्षाबाट मात्र परीक्षण गरिने कतिपय सिमित जनशक्ति भएका पदहरुमा अंतर्बार्ताबाट र एउटा पत्रबाट मात्र परिक्षा लिदै गरेकोमा जनशक्ति बजारमा प्रसस्त उत्पादन हुन थालेपछि अव आएर विषयगत, वस्तुगत, लिखित, अन्तर्वार्ता, शारीरिक तन्दुरुस्ती चाहिने पदहरुमा शारीरिक तन्दुरूस्ती परीक्षण, प्रत्येक कार्यालयमा प्रत्येक कामका लागि कम्प्युटरबाट कार्य सम्पादन हुन थालेपछि टाइपराइटरबाट चिठीपत्र लेखनका कार्यको ठाउमा कम्प्युटरका पदहरु राखिएको र त्यसको लागि कम्प्युटरको सीप परीक्षण र अन्य कर्मचारीपनि कम्प्युटरमा अभ्यस्त नभई नहुने भएपछि कम्प्युटर सीपमा नेपाली, अंग्रेजी भाषाको टाइप, फाइल खोल्ने, बन्द गर्ने, इन्टरनेट चलाउने, पावरप्वाइन्ट बनाउने, एक्सेलमा आबस्यक डाटाहरु चढाउने जस्ता अति सामान्य कुराहरुको परीक्षण अनिवार्य भयो र त्यसको समेत परीक्षण सुरु गरिएको अवस्था रहेको छ।

आजको विश्व सूचना प्रविधिको विकासले एउटा गाउमा परिणत भइरहेको अवस्था छ। त्यसको फाइदा र बेफाइदा दुबैको प्रभाव एवम् असर विश्वमा प्रसार तथा विस्तार तुरुन्त भइहाल्छ।

यसर्थ कर्मचारी छनौटमा जोड दिइरहेको तटस्थता र निष्पक्षताको सँगसँगै आवश्यक ज्ञान र सिक्न उत्साहित हुने रुची, व्यवहारमा  उसको काम गर्ने तत्परता, कार्यक्षेत्रमा तथा सेवा प्रवाहमा व्यवहार गर्ने शैली, उसभित्रको गुण जो पछि कसरी प्रस्फुटित हुन्छ एवम् हुनसक्छ र पदले अपेक्षा गरेका दक्षता र सीप आदिको सक्षमता परीक्षण आबश्यक पर्दछ जसको परीक्षण अनिवार्य छ। नेपाली सेना तर्फ विषयगत ज्ञानका साथै मनोवैज्ञानिक परीक्षण (गुणमापक परीक्षा) हरु विभिन्न चरणमा एक्ला एक्लै तथा  समूहमा काम दिएर, समूह छुट्याएर लिने गरिन्छ। त्यस्तै शसस्त्र प्रहरी बल नेपालमा पनि सोही अनुसार लिने गरिन्छ, नेपाल प्रहरीमा पनि विषयगत ज्ञान, भाषागत ज्ञान, साथै पारिस्थितिक  प्रतिक्रिया परीक्षण, समय र कार्य विश्लेषण, संक्षेपीकरण, विस्तृतिकरण जस्ता परीक्षाहरु लिने गरिन्छ भने नेपाल अनुसन्धानमा पनि त्यस्तै चलाखीपन परिक्षण गर्ने विश्वमा स्थापित मनोवैज्ञानिक परीक्षणहरुको सुरुवात भइसकेको छ। तर अझै धेरै पद र तहका कर्मचारी छनौटमा आजको यथार्थता हाम्रो खाडल चिन्नका लागि निरन्तर मूल्याङ्कन पद्धतिको विकास गर्ने र क्रमिक सुधार गर्नुपर्ने हुन्छ, यसका लागि बर्तमान आयोगले आफ्नो पञ्चवर्षिय रणनीतिक योजना  बनाई कार्यान्वय गर्न लागि परेको छ। जस अन्तर्गत आयोगको समग्र प्रक्रिया र विधिहरुमा अन्तराष्ट्रिय प्रचलनको जानकारी लिनु र परिक्षण विधिका साधन एवं परीक्षाका तरिका र मूल्याङ्कनका विधिहरुलाई अझ परिष्कृत गराउने दिशातर्फ बर्तमान आयोग अग्रसर भएको छ। समयसापेक्ष परीक्षणका विधिहरु भित्र्याई त्यसलाई सार्थक तुल्याउन विज्ञहरु समेत तयार बनाउनुपर्ने हुन्छ र तालिम एवं पूनर्ताजगी तालिम र अवलोकनबाट अगाडि बढनुपर्ने भएकोले यसले समय त लिन्छ नै तथापि आयोगले व्यवहारात्मक परीक्षणका विधिहरुलाई क्रमिक रुपमा उपयोगमा ल्याई पद्धति र सेवा प्रवाहमा छरितोपन गराउने जनशक्ति भित्र्याउन क्षमता बोकेका कर्मचारीको सिफारिस गरी सुशासनमा महत्वपूर्ण भूमिका निर्वाह गरी मुलुकको समृद्धितर्फको पथ यात्रालाई थप उचाईमा पुर्याउन मद्दत गर्ने विश्वास गर्न सकिन्छ।

**लोक सेवा आयोगका सहसचिव श्री शिवराम न्यौपानेले बार्षिकोत्सवको अवसरमा गोरखापत्रमा प्रकाशन गर्नु भएको लोक सेवा आयोग सम्बन्धी लेखः**



**<u>सुशासनमा लोक सेवा आयोगको सहकार्यः</u>**

सुशासन सरकारको प्रमुख प्राथमिकताको सवाल हो। यसले सरकारको पहिचानलाई सर्वव्यायी र मजवुत गराउछ। सरकारप्रतिको जनताको विश्वास एवं शासनमा स्थायित्व कायम गर्नका लागि सुशासननै मुख्य आधारका रुपमा रहेको हुन्छ। त्यसैले हरेक सरकारले सुशासनका अवयवहरुलाई आफ्ना नियमित क्रियाकलापहरुमा अन्तरघुलित गर्ने गराउने प्रयास गरिरहेको हुन्छ। सुशासन सरकारको औकात जांच गर्ने सूचक समेत भएकाले यसको सुदृढीकरणका लागि राज्यका सवै संयन्त्रहरुलाई सरकारले नियमित रुपमा परिचालन गरिरहेको हुन्छ। सरकारले कार्यान्वयनमा ल्याउने नीति, योजना, कार्यक्रमलाई जनताका माझमा पुर्याउने मुख्य भूमिकामा रहेको कर्मचारीतन्त्रले नै सुशासनको प्रत्याभूति गराउने गर्दछ। वि.स. २००८ सालमा लोकसेवा आयोगको स्थापना भएपछि आयोगले सरकारलाई वलियो कानूनी आधार तयार गरी निजामती सेवालाई संचालन गर्न प्रशासन सुधारको प्रमुख सुझावका रुपमा दिएको थियो। सोही सुझावका आधारमा तत्कालिन सरकारले निजामती सेवा संचालनका लागि आवश्यक कानून तयार गर्न गृहकार्य गरेको थियो। यसै पृष्ठभूमिका आधारमा राज्यको मुख्य कार्यकारिणी संयन्त्र निजामती सेवालाई कानूनी आधार प्रदान गरी मजवुत रुपमा स्थापित गरिएको थियो। उक्त समयदेखिनै निजामती सेवाका लागि जनशक्ति आपूर्ति गर्नेदेखि सेवासंग सम्वन्धित राय परामर्शसमेत उपलव्ध गराई निजामती सेवाको सुदृढीकरणका लागि सात दशकभन्दा बढी समयदेखि निरन्तर रुपमा सहकार्य गर्दै आएको तथ्यले लोकसेवा आयोगबाट मुलुकको शासन प्रणालीलाई मजवुत गराउने कार्यमा एतिहासिक भूमिका रहेको स्पष्ट हुन्छ।

मुलुक संघीय शासन प्रणालीमा आवद्ध भैसकेपछि प्रशासनिक एवं वित्तीय श्रोत सहितका अधिकारहरु पर्याप्त मात्रामा स्थानीय तहसम्म पुगेका छन्। संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको नीति हुने स्पष्ट गरिएको छ। यस्ता मूल नीतिको भावना अनुरुप सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी एवं जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउनु अपरिहार्य रहेको छ। कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई व्यवहारमा आत्मसात् गराउनु जरुरी भएको छ। सर्वसाधारणले पाउनु पर्ने सेवालाई सहज एवं सुपथ गराउनका लागि प्रशासन संयन्त्रलाई निरन्तर इमान्दार र सक्षम गराउनु आवश्यक भएको हुन्छ। बजारबाट योग्य, सक्षम र इमान्दार व्यक्ति छनौट गरी आवश्यक जनशक्ति आपूर्ति गर्ने महत्वपूर्ण कार्यमा लोकसेवा आयोगको सहकार्य प्रशंसनिय रहेको छ। सरकारको मुख्य कार्यकारिणी संयन्त्रलाई योग्य जनशक्तिको खांचो हुन नदिने साथै राम्रा जनशक्तिलाई टिकाइ राख्ने कार्यमा महत्वपूर्ण योगदान गर्दै आइरहेको लोकसेवा आयोग मुलुकमा सुशासनको नमुना संस्थाका रुपमा स्थापित भएको छ।

सुशासनका विभिन्न अंशहरु मध्ये सहभागिता, समान अवसर, स्वच्छ प्रतिस्पर्धा र भ्रष्टाचाररहित शासन मुख्य अंशका रुपमा आउने गर्दछन्। लोकसेवा आयोगले राज्यका दुर दराजसम्म आफ्नो चिनारी र

विश्वसनियता कायम गरेको छ। साथै शहरदेखि गाउंसम्मका धनी र गरिव सवैको माझमा आफूलाई आशा एवं भरोसाको पवित्र संस्थाका रुपमा चिनारी दिएको छ। सरकारी सेवामा आफ्नो वृति विकासको मार्ग प्रशस्त देख्ने राष्टसेवकहरुका लागि लोकसेवा आयोग स्वच्छ, निष्पक्ष र विश्वसनिय स्वर्णद्धारका रुपमा स्थापित भएको छ। स्वच्छ कर्ममा विश्वास गर्ने इमान्दार राष्ट्भक्तहरुको अविभावकका रुपमा चिनिएको आयोगले पिछडिएको क्षेत्र, जनजाति, लैंगिक एवं आर्थिक एवं सामाजिक दृष्टिले कमजोर भएका लिंग वर्ग क्षेत्रका व्यक्तिहरुका लागि सहभागिताको समान र सहज अवसर सुनिश्चित गरेको छ। सरकारको मुख्य कार्यकारिणी संयन्त्रमा सवै क्षेत्र, वर्ग, लिंग, जातजातिको सहभागिता गराई शासन प्रक्रियामा जनतालाई सहभागि गराउने लोकतान्त्रिक मूल्य मान्यतालाई व्यवहारमा आत्मसात गर्न आयोगले मुख्य अबिभावकत्व प्रदान गरेको छ। शासन संचालनका लागि आवश्यक योग्य, सक्षम र इमान्दार जनशक्तिको नियमित आपूर्ति गर्न आयोगले अवलम्वन गरेको छनौट प्रक्रिया पूर्ण रुपमा निष्पक्ष र बैज्ञानिक रहेको छ। आयोगको छनौट प्रक्रियामा कुनैपनि राजनीतिक वा प्रशासनिक शक्तिको प्रभाव नहुने भएकाले स्वच्छ र इमान्दार व्यक्ति छनौट हुने तथ्य पूर्णतः सुनिश्चित रहेको छ। आयोगबाट सिफारिश भई जाने कर्मचारीहरुलाई समयमै आवश्यक अभिमुखीकरण, तालिम, अनुशिक्षण, सुहाउदो कार्य संस्कार, लगायतका आधारभूत कुराहरुबाट कर्मचारीको क्षमता, व्यावसायिकता, इमान्दारिता र प्रतिवद्धता कायम गर्न जरुरी हुन्छ। यसबाट मुलुकको सुशासनको अभियानलाई गति दिन सकिने हुन्छ।

राज्यका सवै संयन्त्रहरुबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सार्वजनिक सेवा प्रवाह हुने गरेको छ। सेवा प्रवाहको माध्यमले सरकारको सुशासनको अवस्थालाई संकेत गर्ने भएकाले प्रवाह हुने सार्वजनिक सेवालाई गुणस्तरीय र विश्वसनिय गराउनु अपरिहार्य भएको हुन्छ। जनसम्पर्क वढी हुने सेवा केन्द्रहरुमा सेवाका वारेमा प्रशस्त गुनासाहरु रहने गरेका छन्। मूलतः कर्मचारीहरुले समयमै कार्यको जिम्मेवारी नलिने, कामसंग सम्वन्धित सुचना समयमै ठिकढंगले नदिने, इमान्दारिता नदेखाउने जस्ता गुनासाहरु साझा गुनासाका रुपमा रहेका छन्। सेवा प्रवाह गर्ने सरकारी निकायहरु, संगठित संस्थाहरु, सुरक्षा निकायहरु, प्रदेश एवं स्थानीय तहसम्मका सरकारी निकायहरुमा भएका गुनासा र कार्यसंग जोडिने अनियमितता नियन्त्रण नभई सुशासन कायम हुन सक्दैन। बहुलवादमा आधारित लोकतान्त्रिक शासन, जनप्रतिनिधिमूलक उत्तरदायी व्यवस्था, राजनीतिक तथा प्रशासनिक उत्तरदायित्व, आर्थिक अनुशासन तथा भ्रष्टाचार नियन्त्रण, अधिकारको विकेन्द्रिकरण, स्वेच्छाचारी शासन व्यवस्थाको अन्त्य, मानव अधिकारको प्रत्याभूति, सरकार, निजी क्षेत्र र नागरिक समाजको सहकार्य जस्ता कार्यहरु सुशासनसंग जोडिएका हुन्छन्। शासनका यस्ता आधारभूत तथ्यहरुलाई आत्मसात गरी व्यवहारमा अनुभूति गराउनका लागि सम्वन्धित निकायहरुमा खटिने कर्मचारीहरुको सोच र कार्य प्रवृतिले प्रत्यक्ष भूमिका निर्वाह गर्ने हुन्छ। यस सन्दर्भमा स्वच्छ, निष्पक्ष र इमान्दार जनशक्ति छनौट गरी सिफारिश गर्न सक्षम रहेको लोकसेवा आयोगलाई सरकारले सुशासन प्रवद्र्धनको मुख्य भूमिकामा मजवुत गराउन जरुरी भएको छ।

संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारलाई आवश्यक हरेक प्रकारको योग्य जनशक्ति आफ्नो कार्यतालिका अनुसार समयमै आपूर्ति गर्न लोकसेवा आयोग सक्षम रहेको छ। जनशक्ति आपूर्तिको महत्वपूर्ण कार्यका लागि मुलुकको एउटै सक्षम र विश्वसनिय संस्थाका रुपमा रहेको आयोगको कार्यक्षेत्र व्यापक हुनुपर्ने जनआकांक्षा रहेको छ। जनताको विश्वास र भरोसा भएको आयोगको जनशक्ति छनौट गरी सिफारिश गर्ने कार्य प्रक्रियामा कुनै द्धिविधा, शंका, अविश्वास र आंशका रहेको छैन। त्यसैलेपनि सरकारी, गैर सरकारी, सामाजिक संघ संस्था लगायत निजी क्षेत्रसमेतबाट आयोगको भूमिकाको अपेक्षा वढी रहेको छ। योग्यता,

निष्पक्षता र स्वच्छताको मूल्य मान्यतासहित आफ्नो कार्य जिम्मेवारीमा आयोग सतिशालजस्तै मजवुत भएर रहेको छ। आयोगले आफ्नो कार्य सम्पादन गर्दा मूलतः योग्यताको सिद्धान्त, निष्पक्षताको सिद्धान्त, स्वच्छताको सिद्धान्त, समान अवसरको सिद्धान्त, समावेशिताको सिद्धान्त, द्विअन्ध सिद्धान्त, परिचय शुन्यताको सिद्धान्त अवलम्वन गरेको छ। पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न हुदैन र यसको जानकारी समेत दिइँदैन। उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो, थाहा हुन सक्दैन। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ। नतिजा प्रकाशन गर्ने शाखाले सफल परीक्षार्थीहरूको नाम मात्र थाहा पाउँछ, अङ्क कति प्राप्त गरेको छ, थाहा पाउन सक्दैन। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ रहन्छन्। त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन। योग्य व्यक्ति छनौटका लागि यस्ता प्रक्रियाहरुलाई आत्मसात गरी तोकिएको जिम्मेवारीमा इमान्दार भएका कारण आयोगको कार्यसम्पादन आजसम्म गौरान्वित भएर रहेको छ।

योग्य र सक्षम जशक्तिबाटनै सरकारका नीति, योजना कार्यक्रमहरुको गुणस्तरीय कार्यान्वयन हुन सक्ने हुन्छ। सरकारले कार्यान्वयनमा ल्याउने कार्यक्रमहरुको उपलब्धिका आधारमा सरकारको जनताप्रतिको विश्वास जोगिने वा गुम्ने गर्दछ। त्यसैले कार्यकारिणी संयन्त्रमा योग्य र इमान्दार जनशक्ति ल्याउने र टिकाउने कार्यलाई सरकारले सधै महत्वका साथ उच्च प्राथमिकतामा राख्नु अपरिहार्य भएको हुन्छ। यस सन्दर्भमा सरकारले लोकसेवा आयोगलाई सुदृढ गर्दै लाने कार्यलाई आफ्नो मुख्य सवाल बनाउनु पर्दछ। पुरानो संगठन संरचना, पुराना भौतिक पूर्वाधार, पुरानै औजारहरुबाट आयोगले बृहद र चुनौतिपूर्ण कार्य गर्नुपर्ने अवस्थाका कारण थपिँदै गएको जिम्मेवारी पूरा गर्नका लागि थुप्रै कठिनाई भोग्नु परिरहेको छ। आयोगको दोस्रो रणनीतिक योजना (२०७९/८० — २०८३/८४) मा योग्य, क्षमतावान र दक्ष जनशक्तिको छनौट तथा परिचालन मार्फत राष्ट्को समग्र समुन्नति गर्ने दुरदृष्टि राखिएको र सोही दृष्टिकोण अनुरुप आयोगको कार्य संचालनका लागि जरुरी भइसकेका नंया भवन निर्माण गर्ने, अत्यावश्यक सवारी साधनको व्यवस्था गर्ने, परिक्षा केन्द्रहरुको निर्माण एवं व्यवस्थाप गर्ने लगायतका महत्वपूर्ण योजना कार्यान्वयनमा रहेका छन्। तर यसका लागि आवश्यक श्रोत साधनको सुनिश्चितता हुन नसकेका कारण आयोगले आफ्नो रणनीतिक योजना अनुरुपको सुधारको कार्यलाई प्रभावकारी गराउन सकेको छैन। फलस्वरुप परिवर्तित सन्दर्भ र आवश्यकता अनुसार आयोगले आफ्नो कार्यक्षेत्र एवं क्षमतालाई थप वृद्धि गर्दै लान सकेको छैन। सरकारले उपलव्ध गराउने सिमित श्रोत साधनबाट वढ्दो कार्यक्षेत्र र जिम्मेवारी निवार्ह गर्नु पर्ने जटिल अवस्थालाई ध्यानदिई सरकारले आयोगलाई आवश्यक श्रोत साधन र प्रविधिको सुनिश्चितता गरिदिनु पर्दछ। जसबाट मुलुकमा सुशासन प्रत्याभूतिका लागि सरकारसंगको आयोगको सहकार्यलाई अझ सुदृढ गर्न सकिने हुन्छ।

## *<u>सञ्चार माध्यममा लोक सेवा आयोगको वार्षिकोत्सव</u>*

# आयोगको ७४ औं वार्षिकोत्सव सन्दर्भः आर्थिक तथा प्रशासनिक स्वायत्तता कटौतीलाई आयोगले सकारात्मक रूपमा लिएको छैनः अध्यक्ष रेग्मी



नागरिकन्युज.कम ३२ जेष्ठ २०८१ः

देशमा प्रजातन्त्रको स्थापनासँगै निजामती कर्मचारीको नियुक्ति छुट्टै र स्वतन्त्र निकायबाट गर्ने उद्देश्यले २००८ असार १ गते स्थापना भएको लोक सेवा आयोग ७४औं वर्ष प्रवेश गर्दैछ। योग्यता, स्वच्छता र निष्पक्षताको मूल मन्त्रलाई आत्मसात् गर्दै आइरहेको आयोगले निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य सङ्घीय सरकारी सेवाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्दै आइरहेको छ।

लोक सेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी योग्यता, निष्पक्षता, स्वच्छता र पारदर्शीता लगायत आधारभूत मूल्यमान्यतालाई अक्षुण रूपले अघि बढाएकाले नै आयोग स्वच्छता र निष्पक्षताको प्रतीकका रुपमा रहिरहेको बताउँछन्।

आयोगद्वारा सञ्चालित परीक्षा निष्पक्ष, स्वच्छ र पारदर्शी हुने भएकाले प्रतिस्पर्धामा भाग लिन, उत्तीर्ण हुन र राष्ट्रसेवा जस्तो गौरवपूर्ण काममा लाग्न सम्पूर्ण युवाविद्यार्थीलाई उनले आह्वान गरेका छन्। उनले प्रतिस्पर्धी र उम्दा व्यक्तिले सरकारी सेवामा रही देशको सेवा गर्ने गौरव प्राप्त गर्ने भएकाले स्वच्छ, स्वतन्त्र, पारदर्शी र निष्पक्ष हुने परीक्षा उत्तीर्ण हुन ऐन कानुन र संविधानबाहेक केही आवश्यक नहुने स्पष्ट पारे। आयोगको ७४औं वार्षिकोत्सवको सन्दर्भ पारेर अध्यक्ष रेग्मीसँग गरेको अन्तर्वार्ताको सम्पादित अंशः

**आमनागरिकको भरोसा र विश्वासको प्रतीकका रुपमा रहेको लोक सेवा आयोगको विश्वास कायम राख्दै अघि बढ्ने कार्ययोजना केकस्ता छन् ?**

लोक सेवा आयोग २००८ असार १ गते स्थापना भएको हो। आयोग स्थापना अघि र पछि जारी भएका सबै संविधानले आयोगको भूमिकालाई महत्त्वपूर्ण स्थानमा राखेका छन्। आयोग स्वच्छता, योग्यता र निष्पक्षताको मूल मन्त्रसहित अघि बढिरहेको छ।

आयोगले निजामती सेवा, सरकारी सेवा, सङ्गठित संस्था र सुरक्षा निकायका परीक्षासमेत सञ्चालन गर्दै आइरहेको छ। यसका साथै विश्वविद्यालय सेवा आयोगमा समेत लोक सेवाको एक जना सदस्य रहने भन्ने व्यवस्था भएअनुसार ती विश्वविद्यालय सेवाका काममा सहयोग गर्दै आइरहेको छ।

नेपालको संविधान जारी हुनुअगावै भएको अधिकारका अलवा आयोगको विश्वसनीयतामा भएको वृद्धिका कारण संविधानसभाले आयोगलाई सुरक्षा निकाय र सङ्गठित संस्थाको पदपूर्तिको थप अधिकार दिएको छ।

योग्यता, निष्पक्षता, स्वच्छता र पारदर्शीता लगायत आधारभूत मूल्यमान्यतालाई अक्षुण रूपले अघि बढाएकाले नै आयोग स्वच्छता र निष्पक्षताको प्रतीकका रूपमा रहेको छ।

**आयोगको आगामी मूलभूत कार्ययोजना के छन् ?**

नेपालको संविधान, लोक सेवा आयोग कार्यविधि ऐन, २०७९, कार्यविधि तथा नियमावली आयोगको काम गर्ने आधार हुन्। यसका साथै निजामती सेवा ऐन र नियमावली तथा अन्य सेवासँग सम्बन्धित ऐन तथा नियमावली कार्यसञ्चालनका आधार हुन्। संविधानबमोजिम प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) सम्बन्धी ऐन तथा २०७५ सालमा जारी सङ्गठित संस्थाका निकायमा पदपूर्ति गर्ने कार्यविधिअनुसार आयोगले कामकारबाही गरिरहेको छ।

आयोगका कामलाई अझ बढी सान्दर्भिक बनाउन दोस्रो रणनीतिक योजना (२०७९/८०-२०८४/८४) जारी गरिएको छ। 'एसिसमेन्ट सेन्टर मेथेडोलोजी÷मार्फत आयोगका कामकारबाहीलाई अझ व्यवस्थित गरिएको छ।

कर्मचारीलाई नियुक्तिका बेलामा मात्र होइन कार्य क्षेत्रमा कस्तो काम गर्न सक्छ भन्ने विषयको पूर्वमूल्याङ्कन गर्नका लागि उक्त विधि झण्डै १० वर्षदेखि चलिरहेको छ। त्यसलाई परिमार्जन गर्ने, नयाँ दक्ष विज्ञलाई तालिम दिने तथा पुरानो दक्ष विज्ञलाई पुनरावलोकन गर्ने र त्यसअनुसार अन्य तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

सहसचिव तहमा मामिला प्रस्तुतीकरण, उपसचिव तहमा 'इन्बास्केट एक्सरसाइज÷ र शाखा अधिकृत तहमा समूहगत छलफल तथा तल्ला तहमा विभिन्न प्रयोगात्मक परीक्षा सञ्चालन गरेर आयोगका कार्यक्रमलाई सान्दर्भिक बनाएका छौं।

**मुलुक सङ्घीय संरचनामा गइसकेपछि संविधानले प्रदेश लोक सेवा आयोगको पनि व्यवस्था गरेको छ। प्रदेश लोक सेवा आयोगका कामकारबाहीबारे कहिलेकाहीं टिप्पणी हुने गरेको छ, यसलाई कसरी लिनुभएको छ ?**

नेपालको संविधानमा प्रदेश लोक सेवा आयोग गठनसम्बन्धी व्यवस्था छ। संविधानमा 'प्रदेश लोक सेवा आयोगको आधार र मापदण्ड सङ्घीय संसद्ले जारी गरेको ऐनबमोजिम हुनेछ÷ भन्ने व्यवस्था भए अनुसार २०७५ सालमा सङ्घीय संसद्ले प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) सम्बन्धी ऐन जारी गरेको छ।

उक्त ऐनअनुसार प्रदेशसभाले प्रदेश लोक सेवा आयोगसम्बन्धी ऐन निर्माण गरेर प्रदेश लोक सेवा आयोगहरू गठन भएका छन्। प्रदेश लोक सेवा आयोगले केन्द्रले अपनाएको मूल्यमान्यता र व्यवस्था अनुसार पदपूर्ति गर्नुपर्नेछ। सोअनुसार हुन नसकेमा त्यस्ता पदपूर्ति स्वतः बदर हुने संविधानमा व्यवस्था छ।

यही लोक सेवा आयोगले अपनाएको आधार र मापदण्ड तथा कार्यप्रणाली प्रदेश लोक सेवा आयोगले लागू गर्नुपर्ने हुन्छ। तीन सदस्यीय प्रदेश लोक सेवा आयोगको गठन भएका छन्। त्यसले भर्खरभर्खर काम सुरु गरेको हुनाले कामकारबाहीमा थप परिमार्जन ल्याउनुपर्ने अवस्था छ।

सम्बन्धित प्रदेश रहेको राजधानीमा अहिले दक्ष विज्ञ पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको अवस्था छ। कर्मचारी पनि पर्याप्तमात्रामा छैनन्। यसकारण प्रदेश लोक सेवा आयोगको कामकारबाहीको केही असर परिरहेको छ।

प्रदेश लोक सेवा आयोगको कामकारबाहीबाट केही तलमाथि प¥ यो भने अहिलेसम्म लोक सेवा आयोगले आर्जन गरेको विश्वासमाथि नै प्रश्न उठ्ने र सर्वसाधारण नागरिकमा नराम्रो प्रभाव उत्पन्न हुनसक्ने भएकाले लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगलाई पनि आफू सँगसँगै हिँडाउन थालिएको छ।

लोक सेवा आयोग र सातै प्रदेश लोक सेवा आयोग सम्मिलित 'लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन गर्ने निर्णयअनुसार पहिलो सम्मेलन २०७७ फागुन २३ र २४ गते बागमती प्रदेशको धुलिखेलमा सम्मेलन भएको छ।

उक्त सम्मेलनको सिफारिसअनुसार हरेक वर्ष भिन्नभिन्न प्रदेशमा फागुन २३ र २४ मा हुने गरेको छ।

आठवटै लोक सेवा आयोगले गरेका कामकारबाहीमा एकरूपता कायम गर्न, एक अर्काका कामकारबाहीमा परेका कठिनाइमा छलफल गर्न र लोक सेवा आयोगले अपनाएका असल अभ्यासलाई प्रदेशमा हस्तान्तरण गर्न तथा त्यहाँ परिआएका समस्या समाधानका लागि प्रयास गरिरहेका छौं। यसबाट प्रदेश लोक सेवा आयोगहरूले आफूले बलियो भएको महसुस गरेका छन् भने दक्ष विज्ञको रोष्टरलगायत अन्य सहयोग पनि उपलब्ध गराउनुका साथै लोक सेवा आयोगको अनामनगरस्थित कार्यालयमा प्रदेश लोक सेवा आयोगहरुको सम्पर्कस्थलको व्यवस्था गरेर उहाँहरूलाई सहजीकरण गरिरहेका छौं।

**नेपालको निजामती सेवामा जनशक्ति परिपूर्तिका लागि लोक सेवा आयोगको ढाँचालाई थप वैज्ञानिक बनाउन के कस्ता कार्यप्रणाली अपनाइएको छ ?**

संविधान, लोक सेवा आयोग ऐन, नियम र निजामती सेवा ऐन नियमबामोजिम आयोगले काम गरिरहेको छ। अहिलेको विश्व परिवेश तथा बदलिंदो प्रविधिअनुसार परीक्षा सञ्चालन गर्न आयोगका कामकारबाहीलाई परिमार्जन गर्ने भनेर परीक्षण प्रविधि तथा पाठ्यक्रम महाशाखा गठन गरिएको छ। त्यसबाट हामीले निरन्तर अध्ययन अनुसन्धान गरिरहेका छौं। आयोगका कामकारबाहीलाई कसरी प्रभावकारी बनाउने र विकसित तथा यस्तै प्रकृतिका अन्य मुलुकका असल अभ्यासलाई आत्मसात गरेर अघि बढ्ने भन्ने विषयमा वैदेशिक भ्रमणलगायत विदेशी मुलुकसँग सम्पर्क गरिरहेका छौं। त्यहाँको प्रविधि पनि ल्याउने प्रयास गरिरहेका छौं। सुधारका क्रम जारी छ।

आगामी दिनमा यसलाई अझ अगाडि बढाउनेछौं। यसपालिको लोक सेवा आयोगहरूको सम्मेलनले पाठ्यक्रमलाई परिमार्जन गर्दै लैजाने 'एजेण्डा÷ पारित गरेको छ। लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूले पनि पाठ्यक्रमलाई समयानुकूल बनाउने विषयलाई महत्त्व र प्राथमिकता दिएका छौं।

विभिन्न सेवा समूह सञ्चालन गर्ने मन्त्रालयहरूको आवश्यकता अनुसार पाठ्यक्रमलाई परिमार्जन गरेर दक्ष विज्ञको सहयोगमा लोक सेवा आयोगले समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ।

**निजामती सेवाका अतिरिक्त सङ्गसंस्थामा पनि पदपूर्तिको जिम्मेवारी लोक सेवा आयोगमा आउनु गौरवको विषय छ। निष्पक्षताका दृष्टिकोणबाट सर्वसाधारणलाई अवसर पनि हो तर, कार्यबोझप्रति उठेका प्रश्नलाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

आयोगमा तीन सय कर्मचारीको दरबन्दी रहेको छ। यो संविधान जारी हुनुअगावैको हो। यसपछि थप भएको छैन। तर संविधान जारी भएपछि हामीले सुरक्षा निकाय तथा सङ्गठित महाशाखा गठन गरेर निजामती बाहेकका पदमा पनि पदपूर्ति गर्दै आइरहेका छौं।

प्रदेश लोक सेवा आयोगको क्षेत्राधिकार कारण लोक सेवा आयोगको कार्यबोझ केही कम भएको छ। त्यसकारण आयोगले सुरक्षा निकाय र सङ्गठित संस्था तथा विश्वविद्यालयका काम गर्न सकेका छौं। सङ्गठित संस्थाको पनि निजामती सेवाको जस्तो 'क्लष्टरिङ गरेर परीक्षा सञ्चालन गर्नेतर्फ पनि आयोगले अध्ययन गरेको छ

**समग्रमा आयोगको चुनौती र भावी कार्ययोजना के छन् ?**

आयोगको दरबन्दी पुनरावलोकन हुनुपर्छ। विगतका ऐनले आर्थिक र प्रशासनिक स्वायत्तता दिएका थिए। तर पछि जारी भएको लोक सेवा आयोग ऐनमा अन्य संवैधानिक निकायसरह भनेर आर्थिक तथा प्रशासनिक स्वायत्ततामा केही कटौती भएको छ। यसलाई आयोगले सकारात्मक रूपले लिएको छैन।

हामीले निरन्तर आवाज उठाइरहेका छौं। आयोगको चासो सम्बोधन हुन सकेन भने संवैधानिक निकायका रूपमा रहेको आयोगलाई आफ्नो कामकारबाही स्वच्छ, निष्पक्ष, पारदर्शी र जवाफदेहीपूर्ण ढङ्गले सञ्चालन गर्न कठिनाइ उत्पन्न हुन्छ।

प्राविधिक पक्षमा पनि आयोगले सुधार गर्नुपर्ने अवस्था छ। कर्मचारीलाई समयानुकूल तालिम दिनुपर्ने, विश्वव्यापी रूपमा अपनाइएको परीक्षण पद्धति, पाठ्यक्रम र परीक्षा प्रणालीमा भएका सुधारलाई आत्मसात् गरेर अहिलेको समयको मागअनुसार युवा विद्यार्थी तथा परीक्षार्थीलाई आकर्षण गरी नेपालको निजामती, सरकारी, सुरक्षा निकाय तथा सङ्गठित संस्थाका पदमा पदपूर्ति गर्नु आयोगको चुनौती हो।

**कर्मचारीको नयाँ भर्ना र छनोटपछि राष्ट्र सेवाप्रति जुन समर्पण भाव र झुकाव हुनुपर्ने हो, त्यो देखिन्न भन्ने सुनिन्छ, यसमा तपाईंको भनाइ के छ ?**

त्यस्ता कुरा हामीले पनि सुन्छौं, बुझेका छौं, थाहा पाएका छौं, बडो दुःख लाग्छ। छनोट प्रक्रिया र उनीहरूले गरेका काम कारबाहीमा सङ्गति त्यति मिलिराखेको देखिंदैन। यद्यपि हामीले संसारकै प्रचलित परीक्षण विधिलाई प्रयोग गरेका छौं। तथापि, अहिले अझ 'रिजरर्स÷ परीक्षण गर्नुपर्नेछ। त्यसका लागि प्रविधि र ठूलो खर्च हुने स्थिति पनि छ।

हामीले बजारमा उपलब्ध भएका उम्दा कर्मचारी छनोट गरेका छौं। पाठ्यक्रम हामीले बनाएका होइनौं, पाठ्यक्रम सम्बन्धित मन्त्रालयले नै प्रस्ताव गरी पठाएर विश्वविद्यालयलगायत दक्ष विज्ञ जनशक्ति लगाएर पाठ्यक्रमलाई 'मोडरेड÷ गरी परीक्षा सञ्चालन गर्ने र उत्तरपुस्तिका परीक्षणलाई पनि दुई सिद्धान्त अपनाइएको छ।

**कुनै कर्मचारी नातागोता रहेमा उ संलग्न नहुने लगायतका सिद्धान्त अपनाई प्रशिक्षार्थी छनोट त गरिएको छ, तर कार्य क्षेत्रमा पुग्ने सन्दर्भमा सरकारबाट प्रभावकारी तालिम/प्रशिक्षण र सुविधा उपलब्ध गराउनपर्नेमा केही कमीकमजोरी भई त्यसो भएको हुन सक्ला ?**

दोस्रो कुरा नेपालमा कर्मचारी मात्रै इमान्दार हुनेभन्दा पनि समग्र राजनीतिक, आर्थिक, सामाजिक, भौगोलिक परिस्थिति र परिवेशको पनि मोटामोटी प्रभाव यसमा नपर्ला भन्न सकिन्न। कार्य क्षेत्रमा गएर पनि जनताको सेवालाई सेवा प्रवाह राम्रो गर्न सक्ने कर्मचारी छनोट गर्नुपर्नेमा आयोग प्रतिबद्ध छ। तथापि कार्य क्षेत्रमा काम गर्दा त्यस्ता कर्मचारीलाई बाटो बिराउन नदिने वातावरण बनाउन नेपाल सरकार, राजनीतिक दल, नागरिक समाज, आमनागरिकको पनि उत्तिकै भूमिका रहन्छ भन्ने लाग्छ।

**समावेशी प्रतिनिधित्वलाई व्यावहारिक बनाउन प्रत्येक १० वर्षमा यससम्बन्धी प्रावधान पुनरावलोकन गर्ने भन्ने विषय थियो, अब त्यो गर्ने बेला भएन ?**

यो विशुद्ध नेपाल सरकारको कार्य क्षेत्रमा पर्ने विषय हो। विसं २०६४ मा आएको समावेशी सिद्धान्तसम्बन्धी व्यवस्था १०-१० वर्षमा पुनरावलोकन गर्ने भनिएको छ। तर अहिले १६/१७ वर्ष भइसकेको छ। तर पनि पुनरावलोकन हुन सकेको छैन। समावेशीता जे उद्देश्यले आएको छ, कतिपय उद्देश्य पूरा भए पनि कतिपय बाँकी नै हुन सक्छ। यो अध्ययन र अनुसन्धानबाट देखिने विषय हो।

अहिलेसम्म समावेशी पदपूर्तिबाट निजामती सेवामा २४/२५ हजार कर्मचारी नियुक्ति भएका छन्। निजामती र सुरक्षा सेवामा महिला र जाति, जनजातिको ठूलो सङ्ख्या प्रवेश भएको छ। दलित, पिछडिएको क्षेत्र र मधेसी समूहका केही 'क्लष्टर÷मा पूर्ण रूपमा पदपूर्ति भइसकेको छैन। तथापि, ती पद आगामी परीक्षामा त्यहीबाटै पूर्ति गर्ने व्यवस्था मिलाइएको छ। तेस्रो वर्षमा मात्रै खुलातर्फ जाने व्यवस्था छ।

गत वर्ष सर्वोच्च अदालतबाट समावेशी र आरक्षणका सन्दर्भमा भएको फैसलाबाट केही सिद्धान्त प्रतिपादन भएका छन्। एउटै व्यक्तिले एकभन्दा बढी पटक समावेशी उम्मेदवारका रूपमा भाग लियो, समावेशीतामा जात हेरियो, आर्थिक अवस्था र वर्ग हेरिएन।

समावेशीताका सन्दर्भमा सुविधा पाएकै छ, यसमाथि पनि बढुवामा समेत एक वर्ष सुविधा दिने कारणले प्रतिस्पर्धीभन्दा केही कमजोर व्यक्ति निजामती वा सरकारी सेवामा प्रवेश भइरहेको यथार्थता हुँदा हुँदै त्यही कमजोर प्रवृत्तिको व्यक्तिलाई नै एक वर्षअघि बढुवाको अवसर दिनाले कालान्तरमा निजामती सेवा अन्तर्राष्ट्रिय जगतसँग प्रतिस्पर्धामा जानपर्नेमा कमजोर भई गुणस्तरमा ह्रास आउने हो कि भन्ने चिन्ता सर्वत्र छ। यी सबै विषय अध्ययन भएर नयाँ ऐन निर्माणपछि आयोगले त्यसको अवश्य नै कार्यान्वयन गर्नेछ।

**कर्मचारीको मूल्याङ्कन पद्धति व्यावहारिक भएन भन्ने सुनिन्छ, त्यसलाई कसरी व्यावहारिक बनाउन सकिएला ?**

कार्यसम्पादनका आधार वस्तुनिष्ठ र वस्तुगत हुनुपर्नेमा त्यसो छैन। त्यो नभएपछि के आधारले मूल्याङ्कन गर्ने भन्ने प्रश्न उब्जन्छ? कर्मचारीले लिएको जिम्मेवारी पूरा गर्न सम्पूर्ण परिस्थिति उसको हातमा पनि छैन। विभिन्न वातावरणीय प्रभावले प्रतिकूल असर पारिरहेको छ।

राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत्, बजेट निकासा, मुआब्जा निर्धारण, निगरानी गतिविधि, निर्माण सामग्री उपलब्धतासँग एउटा कर्मचारीको मूल्याङ्कनका आधार जोडिएका हुन्छन्। त्यसले असर र प्रभाव पारेको हुन्छ। मूल्याङ्कनकर्ताले पनि आफूले गर्नसक्ने मूल्याङ्कन निष्पक्ष, स्वच्छ रूपमा गर्नसक्ने परिस्थिति पनि निर्माण नभएको महसुस गरिएकाले यथार्थमा मूल्याङ्कन हुन सकेको छैन।

सबै कर्मचारीलाई पूरा पूर्णाङ्क दिने काम भइरहेको छ। उता आयोजनाका कामकारबाहीको प्रगति ५० प्रतिशतमा सीमित हुने, बेरुजु बढिरहेको देखिने, विकास खर्च भइरहेको नदेखिने तर यता कार्यसम्पादन मूल्याङ्कन शतप्रतिशत अर्थात् पूर्ण पूर्णाङ्क नम्बर प्राप्त गर्ने विडम्बनापूर्ण स्थिति देखापरेको छ। यसले समग्र देश निर्माणमा प्रतिकूल प्रभाव पारेको छ।

**प्राविधिक पदमा प्रारम्भमै दरखास्त कम पर्ने, परीक्षामा सहभागी कम हुने, अनि उत्तीर्ण भए पनि काममा नआउने प्रवृत्ति छ भन्ने गुनासोलाई आयोगले कसरी हेरेको छ ?**

बाहिर हल्ला आएजस्तो त्यति समस्या प्राविधिक पदमा छैन। मेडिकल क्षेत्रको केही पदमा दरखास्त नआउने, आए पनि कम सङ्ख्यामा आउने विषय कहिलेकाहीँ देखिएका छन्। अरू कतिपय स्थानमा रोजाइको अधिकार कर्मचारीलाई भएको हुनाले आफूलाई परीक्षण गर्न पनि परीक्षा दिने त्यसपछि आफ्नो मूल्याङ्कन गरी अर्को राम्रो संस्थामा जान्छु भनी छाडेर जाने प्रवृत्ति पनि छ।

अहिलेको समसामयिक नेपालमा जति युवा नेपालमा वातावरण छैन कि भनी विदेश नै गइरहेको अवस्था छ। त्यसले पनि यो विषयलाई प्रभाव पारेको छ। विदेश गएकाले ठीक गरेका छन् कि ती नेपालमा बस्दा सन्तुष्टि हुन्छ कि भन्ने अध्ययनको विषय होला? यहाँ कति अवसर छ, कति छैन, यो मैले भन्नसक्ने विषय भएन।

प्राविधिक अध्ययनमै पनि अरू साधारणभन्दा अलि कठिनाइ नै हुन्छ। पढाइ पूरा भएपछि अरू संस्था होस् वा विदेशमा, अरू स्वरोजगारका क्षेत्रमा खपत हुने स्थिति छ भने सरकारी हुन् वा सङ्गठित संस्थामा आकर्षण नहुन सक्ने अवस्था पनि हुन सक्छ।

**आयोग ७४ वार्षिकोत्सवको सम्मुखमा छ, यस अवसरमा यहाँको सन्देश के छ ?**

लोक सेवा आयोगले निष्पक्ष, स्वच्छ र पारदर्शी ढङ्गले कामकारबाही गर्दै आइएको छ। एउटा आस्था र विश्वास आर्जन गरेको संस्था हुनाले हाम्रा कामकारबाहीमा यहाँहरू सबैले सूक्ष्म रूपमा निगरानी गरिदिनुस्। केही समस्या र सुधार गर्नुपर्ने अवस्था देखिएमा रायसुझाव दिनुस्। आयोग निष्पक्ष, स्वच्छ, प्रतिस्पर्धी र पारदर्शी भएकाले परीक्षामा उत्तीर्ण र छनोट हुन ऐन कानून र संविधानमा भएका विषयबाहेक केही आवश्यक छैन।

प्रतिस्पर्धामा भाग लिन, उत्तीर्ण हुन र राष्ट्रसेवामा लाग्न आमप्रतिस्पर्धी युवा/विद्यार्थीलाई आह्वान गर्छु। प्रतिस्पर्धी र उम्दा व्यक्तिले मात्र देश सेवा गर्ने हो, अरू सबै निजामती वा सरकारी सेवामा आउन पनि सक्दैनन्। जो कोहीले सेवा गर्ने स्थिति र अवस्था पनि होइन। देशमा भएका योग्य, उम्दा र प्रतिस्पर्धीले नै मुलुकको सेवा गर्न पाउने भएकाले यो गौरव प्राप्त गर्न तपाईंहरू अघि बढनुस्। आयोग एउटा सवैधानिक अङ्ग भएकाले यसको स्वच्छता र स्वायत्ततालाई संरक्षण गर्न नेपाल सरकार, संसद्, न्यायलय, सञ्चार जगत् तथा सर्वसाधारण नागरिकमा आग्रह गर्न चाहन्छु !

## लोक सेवा आयोगले विविध कार्यक्रम गरी वार्षिकोत्सव मनाउने

## प्रतिभा पलायन हुनबाट रोक्नु नितान्त आवश्यक

अनलाईन रेडियो, जेठ २३, २०८१



काठमाडौं। लोक सेवा आयोगले आयोगको वार्षिकोत्सव तथा स्थापना दिवस आगामी असार १ गते विविध कार्यक्रमको आयोजना गरि मनाउने भएको छ।

आयोगको वार्षिकोत्सवका सन्दर्भमा आज आयोगमा सरोकारवाला सरकारी निकायहरूबिच भएको छलफल कार्यक्रममा आयोगका सदस्य वीर बहादुर राईले स्वदेशमै प्रतिभाको कदर गरी प्रतिभा पलायन हुनबाट रोक्नु नितान्त आवश्यक भइसकेको बताउनुभयो।

आयोगको वार्षिकोत्सवका सन्दर्भमा आयोगले बनाएको प्रचार प्रसार समितिका संयोजक समेत रहनुभएका आयोगका सदस्य राईले वार्षिकोत्सव अवसरमा विभिन्न सचेतना लक कार्यक्रमहरू सञ्चालन गरिने र त्यसबाट स्वदेशमै रहेर पनि कडा मिहिनेत गर्दा हरेक क्षेत्रमा सफल हुन सकिन्छ भन्ने सन्देश प्रवाह गर्ने गरी कार्यक्रमहरू तय गरिएको पनि बताउनुभयो।

कार्यक्रममा लोक सेवा आयोगका सचिव राजकुमार श्रेष्ठले निर्भिक र निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग सरोकारवाला सबैले गर्नुपर्ने आयोगको सोच रहेको बताउनुभयो।

यस्तै आयोगका उपसचिव एवं वार्षिकोत्सव समारोहका लागि आयोगका फोकल पर्सन एकनारायण शर्माले आयोगको वार्षिकोत्सवका अवसरमा रेडियो नेपालबाट परिसंवाद र अन्तरसम्वाद कार्यक्रम उत्पादन तथा प्रसारण गरिने, नेपाल टेलिभिजनबाट परिसंवाद कार्यक्रम प्रसारण गरिने र गोरखापत्रमा आयोगको क्रियाकलापहरू समेटिएको जनाकारी मूलक सामाग्री प्रकाशन गरिने जानकारी दिनुभयो।

छलफल कार्यक्रममा रेडियो नेपालका नायब कार्यकारी निर्देशक कृष्ण चन्द्र पौडेलसहित नेपाल टेलिभिजन, गोरखापत्र संस्थान,रासस,विज्ञापन बोर्ड,सूचना तथा प्रसारण विभाग लगायतका सरोकारवाला सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधीहरुको सहभागिता रहेको थियो।

# लोक सेवा आयोग ७४ औं वार्षिकोत्सव मनाउँदै

गोरखापत्र अनलाइन, २३ जेठ २०८१, बुधबार

**काठमाडौं, जेठ २३ गते।** लोकसेवा आयोग आगामी असार १ गते ७४ औं वार्षिकोत्सव मनाउने तयारीमा जुटेको छ। आज बसेको सरोकार भएका व्यक्तिको बैठकमा ७४ औं वार्षिकोत्सव विविध कार्यक्रम गरी मनाइने जानकारी दिइएको हो।




आयोगले निजामती सेवाका साथै सङ्घीय सरकारी सेवा, सुरक्षा निकाय र अन्य सरकारी सेवा तथा सङ्गठित संस्थामा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्दै आएको छ। आयोगले हरेक आर्थिक वर्षको पहिलो दिन पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गर्दै आएको छ। योग्यता, निष्पक्षता र स्वतन्त्रतालाई मूल मर्म बनाउने भएकाले आयोगका परीक्षालाई विश्वसनीयताको कसीबाट हेर्ने गरिएको छ।

यसैबिच, यस वर्षको वार्षिकोत्सव मनाउनका लागि एउटा मूल समारोह समिति र चारवटा विभिन्न उप-समिति गठन भएको छ। सो सन्दर्भमा विभिन्न नारासमेत तय गरिएको आयोगले जनाएको छ। आयोगका सदस्य एवम् अतिथि सत्कार तथा प्रचारप्रसार समितिका संयोजक वीरबहादुर राईको संयोजकत्वमा बसेको बैठकले ७४औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने निर्णय गरेको छ।

सो सन्दर्भमा राष्ट्रिय समाचार समिति (रासस)ले आयोगको कार्यसम्पादन र गतिविधिका विषयमा सम्बन्धित विषय विज्ञका अन्तर्वार्ता र मूल कार्यक्रमसहित समाचार सम्प्रेषण गर्नेछ। साथै नेपाल टेलिभिजन र रेडियो नेपालले परिसंवाद र अन्तरसंवादसम्बन्धी कार्यक्रम उत्पादन र प्रचारप्रसार गर्ने छन्। गोरखापत्र दैनिकले आयोगबाट भएका कामकारबाहीसहित प्रकाशकीय सामग्री प्रकाशित गर्नेछ।

विज्ञापन बोर्डमार्फत सरकारी तथा निजी सञ्चार माध्यमबाट लोक कल्याणकारी विज्ञापनका रूपमा आयोगको सन्देश प्रवाह हुने संयोजक राईले जानकारी दिनुभयो। आयोगको ६४औं वार्षिक प्रतिवेदनअनुसार, सङ्घमा ५३ हजार ७६, सात प्रदेशमा जम्मा १७ हजार २३ र सात सय ५३ स्थानीय तहमा ६५ हजार छ सय चार स्वीकृत दरबन्दी रहेको छ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/८० को अवधिमा आयोगबाट पाँच सय तीन बढुवा सूचना, एक सय ४७ आन्तरिक प्रतियोगितात्मक परीक्षा, दुई सय ९९ खुला प्रतियोगितात्मक परीक्षा र छ सय ६७ वटा विभिन्न समावेशी समूहका विज्ञापन र बढुवाका लागि सूचना प्रकाशित भएको थियो। सो अवधिमा उक्त विज्ञापनबाट बढुवातर्फ नौ सय ९०, आन्तरिकतर्फ दुई सय ८१, खुलातर्फ एक हजार ८० तथा महिला, आदिवासी, जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ एक हजार छ सय पदका लागि दरखास्त माग गरिएको थियो।

राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र चारजना सदस्य नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ। आयोगले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। आजको बैठकमा आयोगका सचिव राजकुमार श्रेष्ठ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड नेपाल र सरकारी सञ्चारमाध्यमका प्रतिनिधिहरू सहभागिता हुनुहुन्थ्यो।

# लोक सेवा आयोग ७४ औं वार्षिकोत्सव मनाउँदै

नेपालवाच, २०८१ जेठ २३ गते १७:४७

**काठमाडौं**। लोकसेवा आयोग आगामी असार १ गते ७४औं वार्षिकोत्सव मनाउने तयारीमा जुटेको छ।

आज यहाँ बसेको सरोकार भएका व्यक्तिको बैठकमा ७४औं वार्षिकोत्सव विविध कार्यक्रम गरी मनाइने जानकारी दिइएको हो। आयोगले निजामती सेवाका साथै सङ्घीय सरकारी सेवा, सुरक्षा निकाय र अन्य सरकारी सेवा तथा सङ्गठित संस्थामा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्दै आएको छ।




आयोगले हरेक आर्थिक वर्षको पहिलो दिन पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गर्दै आएको छ। योग्यता, निष्पक्षता र स्वतन्त्रतालाई मूल मर्म बनाउने भएकाले आयोगका परीक्षालाई विश्वसनीयताको कसीबाट हेर्ने गरिएको छ।

यसैबीच, यस वर्षको वार्षिकोत्सव मनाउनका लागि एउटा मूल समारोह समिति र चारवटा विभिन्न उप-समिति गठन भएको छ। सो सन्दर्भमा विभिन्न नारासमेत तय गरिएको आयोगले जनाएको छ।

आयोगका सदस्य एवं अतिथि सत्कार तथा प्रचारप्रसार समितिका संयोजक वीरबहादुर राईको संयोजकत्वमा बसेको बैठकले ७४ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने निर्णय गरेको छ।

आयोगको ६४ औं वार्षिक प्रतिवेदनअनुसार, सङ्घमा ५३ हजार ७६, सात प्रदेशमा जम्मा १७ हजार २३ र सात सय ५३ स्थानीय तहमा ६५ हजार छ सय चार स्वीकृत दरबन्दी रहेको छ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/८० को अवधिमा आयोगबाट पाँच सय तीन बढुवा सूचना, एक सय ४७ आन्तरिक प्रतियोगितात्मक परीक्षा, दुई सय ९९ खुला प्रतियोगितात्मक परीक्षा र छ सय ६७ वटा विभिन्न समावेशी समूहका विज्ञापन र बढुवाका लागि सूचना प्रकाशित भएको थियो।

सो अवधिमा उक्त विज्ञापनबाट बढुवातर्फ नौ सय ९०, आन्तरिकतर्फ दुई सय ८१, खुलातर्फ एक हजार ८० तथा महिला, आदिवासी, जनजाती, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियागितातर्फ एक हजार छ सय पदका लागि दरखास्त माग गरिएको थियो।

राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र चारजना सदस्य नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ। आयोगले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ।

आजको बैठकमा आयोगका सचिव राजकुमार श्रेष्ठ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड नेपाल र सरकारी सञ्चारमाध्यमका प्रतिनिधिहरु सहभागिता थियो।

# लोक सेवा आयोग ७४औं वार्षिकोत्सव मनाउँदै

**बेल संचार, २३ जेष्ठ २०८१, बुधबार** काठमाडौं,

लोकसेवा आयोग आगामी असार १ गते ७४ औं वार्षिकोत्सव मनाउने तयारीमा जुटेको छ। आज यहाँ बसेको सरोकार भएका व्यक्तिको बैठकमा ७४ औं वार्षिकोत्सव विविध कार्यक्रम गरी मनाइने जानकारी दिइएको हो।



आयोगले निजामती सेवाका साथै सङ्घीय सरकारी सेवा, सुरक्षा निकाय र अन्य सरकारी सेवा तथा सङ्गठित संस्थामा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्दै आएको छ। आयोगले हरेक आर्थिक वर्षको पहिलो दिन पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गर्दै आएको छ। योग्यता, निष्पक्षता र स्वतन्त्रतालाई मूल मर्म बनाउने भएकाले आयोगका परीक्षालाई विश्वसनीयताको कसीबाट हेर्ने गरिएको छ।

यसैबीच, यस वर्षको वार्षिकोत्सव मनाउनका लागि एउटा मूल समारोह समिति र चारवटा विभिन्न उप–समिति गठन भएको छ। सो सन्दर्भमा विभिन्न नारासमेत तय गरिएको आयोगले जनाएको छ।

आयोगका सदस्य एवं अतिथि सत्कार तथा प्रचारप्रसार समितिका संयोजक वीरबहादुर राईको संयोजकत्वमा बसेको बैठकले ७४ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने निर्णय गरेको छ।

सो सन्दर्भमा राष्ट्रिय समाचार समिति (रासस)ले आयोगको कार्यसम्पादन र गतिविधिका विषयमा सम्बन्धित विषय विज्ञका अन्तर्वार्ता र मूल कार्यक्रमसहित समाचार सम्प्रेषण गर्नेछ। साथै नेपाल टेलिभिजन र रेडियो नेपालले परिसंवाद र अन्तरसंवादसम्बन्धी कार्यक्रम उत्पादन र प्रचारप्रसार गर्नेछन्। गोरखापत्र दैनिकले आयोगबाट भएका कामकारबाहीसहित प्रकाशकीय सामग्री प्रकाशित गर्नेछ।

विज्ञापन बोर्डमार्फत सरकारी तथा निजी सञ्चार माध्यमबाट लोक कल्याणकारी विज्ञापनका रुपमा आयोगको सन्देश प्रवाह हुने संयोजक राईले जानकारी दिनुभयो। आयोगको ६४औं वार्षिक प्रतिवेदनअनुसार, सङ्घमा ५३ हजार ७६, सात प्रदेशमा जम्मा १७ हजार २३ र सात सय ५३ स्थानीय तहमा ६५ हजार छ सय चार स्वीकृत दरबन्दी रहेको छ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/८० को अवधिमा आयोगबाट पाँच सय तीन बढुवा सूचना, एक सय ४७ आन्तरिक प्रतियोगितात्मक परीक्षा, दुई सय ९९ खुला प्रतियोगितात्मक परीक्षा र छ सय ६७ वटा विभिन्न समावेशी समूहका विज्ञापन र बढुवाका लागि सूचना प्रकाशित भएको थियो।

सो अवधिमा उक्त विज्ञापनबाट बढुवातर्फ नौ सय ९०, आन्तरिकतर्फ दुई सय ८१, खुलातर्फ एक हजार ८० तथा महिला, आदिवासी, जनजाती, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियागितातर्फ एक हजार छ सय पदका लागि दरखास्त माग गरिएको थियो।

राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र चारजना सदस्य नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ। आयोगले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ।

आजको बैठकमा आयोगका सचिव राजकुमार श्रेष्ठ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड नेपाल र सरकारी सञ्चारमाध्यमका प्रतिनिधिहरु सहभागिता हुनुहुन्थ्यो।

# वार्षिकोत्सव मनाउँदै लोक सेवा आयोग

रेडियो नेपाल अनलाइन, काठमाडौंः असार १ गते



लोक सेवा आयोगले शनिबार स्थापनाको ७४ औं वार्षिकोत्सव मनाउँदै छ । कार्यवाहक राष्ट्रपति रामसहाय प्रसाद यादवको प्रमुख आतिथ्यता रहने कार्यक्रममा विभिन्न संवैधानिक निकायका प्रमुख, लोक सेवा आयोगका पूर्वपदाधिकारी तथा पूर्वसचिव, नेपाल सरकारका सचिव, चार वटै सुरक्षा निकायका लामो समय आयोगमा कार्यरत रही हाल सेवानिवृत्त राष्ट्रसेवक कर्मचारीलगायतको बृहत् उपस्थिति रहने आयोगले जनाएको छ ।

आयोगले शुक्रबार जारी विज्ञप्ति अनुसार, आयोगको वार्षिकोत्सवको पूर्वसन्ध्यामा जेठ ३० र ३१ र ३२ गते अन्तरसंवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगिता, आन्तरिक ब्याडमिन्टन प्रतियोगिता र रक्तदान कार्यक्रमसमेत आयोजना गरिएको छ । हाजिरीजवाफ प्रतियोगितातर्फ निर्वाचन आयोग, राष्ट्रिय समावेशी आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका छन् । ब्याडमिन्टन खेलतर्फ अर्जुनप्रसाद रेग्मी र नरबहादुर बोगटीले प्रथम स्थान हासिल गरेका छन् ।

सोही अवसरमा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी, पूर्वअध्यक्ष कयोदेवी यमी र पूर्वसचिव डा. राजन खनालको सहभागितामा नेपाल टेलिभिजनबाट परिसंवाद, आयोगका सदस्य माधव बेलबासे, डा. भगवान कोइराला र राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झाको सहभागितामा रेडियो नेपालबाट परिसंवाद र आयोगका सदस्य वीरबहादुर राईको सहभागितामा रेडियो नेपालबाटै अन्तरसंवाद कार्यक्रमसमेत आयोजना गरिएको छ । वार्षिकोत्सवका अवसरमा आयोगमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने कार्यक्रमसमेत रहेको आयोगले जनाएको छ ।

# वार्षिकोत्सव कार्यक्रमका तस्विरहरु




शुभकामना मन्तव्य राख्नुहुँदै सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू




मन्तव्य राख्नुहुँदै लोक सेवा आयोगका माननीय अध्यक्ष

# वार्षिकोत्सव कार्यक्रमका तस्विरहरु




मायाको चिनो ग्रहण गर्नुहुँदै सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू




सम्माननीय कार्यवाहक राष्टपतिज्यूसंग आयोग पदाधिकारीहरुको सामूहिक तस्विर